# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

परिवार-परिवार मिलेर समुदाय बन्छ । साझा लक्ष्य र उद्देश्य प्राप्तिका लागि निश्चित भौगोलिक क्षेत्रमा एकिकृत भइ बसोबास गर्ने मानव समुदायलाई समाज भनिन्छ । मानिस समाजमा बस्न मन पराउँछ, यो मानविय स्वभाव हो । फरक संस्कृति, भेषभुषा, जात, धर्म, लिङ्ग भएता पनि सबै मिलेर एउटै योजना र उद्देश्य लिएर अगाडि बढ्ने मानव समाजको पहिचान हो । इतिहासमा हेर्नु पर्दा समुदायका दाजुभाइले हौसला दिई सामाजिक गतिविधिहरुमा पुरुष सँगसँगै महिलाहरु पनि अगाडि बढेको पाइन्छ ।

देशको आधा जनशक्तिको रुपमा रहेका महिलाहरु देश विकासमा सदा रहेता पनि अशिक्षा, गरिबि, परम्परागत पुरानो सोच, प्रचलनको कारण घर भित्रको काममा मात्र रहन बाध्य छन् । शिक्षित महिलाहरु पनि व्यवहारिक र परिवारिक परिस्थिति र समस्याको कारण आफै भित्र खुम्चिएर बस्न बाध्य छन् । समस्या भित्र पनि आवाज उठाउन नसक्ने र आवाज उठाइहाले तापनि आवाज दबाइदिने कुप्रथा र कुसंस्कारको कारणले गर्दा महिलाहरु धेरै कुरा जाने बुझ्ेता पनि जेल बन्दि रुपि जीवन बिताउन विवश छन् । घरको काम र सन्तान जन्माउने एउटा मेसिनको रुपमा महिलालाई लिने सोच हाम्रो देशमा अझै पनि सुन्न र देख्न पाइन्छ । तर महिलाले पनि आफ्नो स्थान र औकातमा रहि पारिवारिक समझदारी र सरसल्लाहमा आफुले गर्न चाहेका कामहरु गर्दै गएमा आफ्नो परिवार सम्हाल्दै, समुदायमा सेवा गर्दै राष्ट्रिय स्तरमा पनि सेवा पुऱ्याउन सकेका उदाहरणहरु हाम्रो समाजमा प्रशस्तै भेटिन्छ । यस कारण नारी बिना पुरुषको अस्तित्व छैन र पुरुष बिना पनि नारीको अस्तित्व छैन । नारी र पुरुष रथका दुई पाङग्रा हुन् । कतिपय महिलाको सफलतामा महिला नै बाधक बनेको छन् । तर यस्तो सङकुचित विचारको वास्ता नगरी एकले अर्कालाई हौसला दिदै महिलाहरु पनि समुदाय रुपान्तरणमा एक ढिका भई एकआपसमा हातेमालो गर्दै समुदायमा असल नमुना र पहिचान बनाउन सक्षम हुन्छन् ।

आमा समूहको बारेमा इतिहासमा फर्केर हेर्नुपर्दा “वि.सं.२०४४ को एकदिन प्रधानमन्त्री मरिचमान सिहंको  कार्यालयबाट केही सहसचिवहरुलाई सिहंदरबारबाट बोलाई तपाईहरुको

प्रमोसन कर्णाली जिल्लामा गरेको छु, काम राम्रोसँग गर्नुहोला । विहारी जी तपाईलाई स्वास्थ्य मन्त्रालयमा पठाएका छौ भनेको सुन्दा उनलाई साह्रै गाह्रो लाग्यो । त्यतिखेर मुलुकको स्वास्थ्य अवस्था एकदमै नाजुक थियो । कर्णाली पठाउनु भनेको सजाँय जस्तो मानिन्थ्यो ।" सिंगो मुलुकमा शिशु मृत्युदर एकहजारमा मा १११ र बच्चा जन्माउने क्रममा एक लाखमा ६७५ जना आमाको मृत्यु भइरहेको तथ्यांक थियो । त्यसकारण स्वास्थ्य भन्ने कुरा महिला र बालबालिका सामु पुग्नु पर्ने र त्यो कार्यको प्रभावकारीताको लागि स्वंयसेविका महिलालाई तालिमका साथै जिम्मेवारी दिई समुदायमै केन्द्रित हुनु पर्ने तथ्य निकालियो । मर्दस क्लवका नाममा महिला संस्थाहरु थोरै मात्रमा खुलेका थिए । त्यसमा नेतृत्वदायी भुमिका त्यतिबेलाका राजा विरेन्द्रकी काकी प्रिन्सेस शाहले खेलेकी थिईन् । पञ्चायती समयको व्यवस्थामा संघ-संस्था खोल्नमा केही कडाई भएकाले त्यही कार्यक्रमलाई आधार मानेर गाँउ-गाँउमा आमा समूहको परिकल्पना गरियो । वि.सं. २०३९ सालमा स्वास्थ्य सेवा सञ्चालनको लागि चार हजार गाँउ पञ्चायतमा छत्तीस हजार आमा समूह त्यति नै संख्यामा स्वास्थ्य स्वंयसेविका नियुक्त गरियो । (श्रेष्ठ, २०७५)

नेपालमा आमा दिदिबहिनीको भूमिका र क्रियाकलाप न्युन देखिन्छ । यसको कारण भनेको समुदायका कार्यहरुमा उनीहरुलाई उत्साह नदिनु र सजिलो वातावरण उपलब्ध नगराउनु हो । त्यसकारण यो भेदभाव विशेष गरी ग्रामिण भेगमा अहिले सम्म पनि देखिन्छ । नेपालको जनसंख्यामा आधा भन्दा बढी स्थान आमा दिदिबहिनी र बालबालिकाहरुले ओगटेको छ,

भेदभावको अन्त्यको प्रयास थोरै मात्रामा भए पनि विकास भएको पाइन्छ । यसको असर उनीहरुको बीचमा चेतनाको कमी महत्वपूर्ण रुपमा भेटिन्छ । नेपालमा आमा दिदिबहिनीहरुले आफ्नो हकअधिकार र सामाजिक कार्यक्रमहरुबाट बञ्चित हुनुपरेको अवस्था देखिन्छ । यसको प्रमुख समस्याको जड भनेको शिक्षाको कमी नै हो ।

आमा समूहको विकासको विचार, उत्पत्ति, ढाँचा र कार्यन्वयन समुदायमा विकासका कार्यक्रमहरु उपलब्ध गराउनु सामाजिक चेतना, सीपमुलक कार्यक्रमहरु र समूह व्यवस्थापन जस्ता कार्यक्रमहरु सफलताका साथ सञ्चालन भैराखेका छन् । कुनै पनि राष्ट्र, समाज र परिवारका विकासका कार्यहरुमा आमा दिदिबहिनीहरुको हात र सक्रिय सहभागिताले महत्वपूर्ण भूमिका खेल्दछ भन्ने कुरामा कुनै शंकै छैन । विश्वको आधा भन्दा बढी जनसंख्या

ढाकेका आमा दिदिबहिनी र विकास एक अर्कामा छुट्याउन नसकिने र एकअर्काविना विकासका कार्यहरु पनि गर्न नसकिने हुनाले आधारभूत सुविधा उत्पीडीत वर्गमा आमादिदिबहिनीहरुको उल्लेखनीय सहभागीता हुनु अति आवश्यक छ ।

वर्तमान परिप्रेक्ष्यमा विभिन्न योजना र रणनिति अनुरुप नेपालमा आमा समूहको शरुवात् भएको पाईन्छ । यस दर्शनले आमाहरुको शसक्तिकरण र सामुदायिक विकास जस्तै दिदिबहिनीहरुको सामाजिक चेतना विकासमा सक्रिय सहभागिता, दिदिबहिनीहरुको अवस्था उकास्नु, समाजमा चोरी, डकैती, रक्सी, लागुपदार्थ साथै अरु क्षेत्रहरुमा पनि शुरुवात भएको छ । जस्तो कुनै क्षेत्रमा जहाँ आवश्यक छ त्यँहा धारा, बाटोको लागि ऋणको निकास खोज्नु, सार्वजनिक स्थानहरुमा नराम्रा कार्यहरु गर्न प्रतिबन्ध गर्नु, वातावरण स्वस्थ राख्नको लागि बाटोको छेउ छेउमा रुख र बोटबिरुवाहरु लगाउनु, निर्माण र मर्मतका कार्यहरु असल प्रकारले समाजमा गर्नु हो । वि.स. २०४६ को राजनैतिक परिवर्तन पछि आमा दिदिबहिनीहरुले नयाँ कुराहरुको चाहना र इच्छाद्धारा प्रचलित दृश्यलाई समुदायमा नौलो रुप दिन सहयता भयो । अन्तमा आफ्नो हक अधिकार र जिम्मेवारी परिवार, समुदाय, समाज र देशमा ल्याउन सफल भयो । (बस्याल, २०७२)

आमा समूह भन्नाले महिलाहरुलाई विभिन्न क्षेत्रमा आफ्नो दक्षता र क्षमता अनुसार विभिन्न व्यक्तिहरु बाट प्रेरणा पाएर समाजको विभिन्न कार्यहरुमा अग्रसर हुनुलाई बुझिन्छ । समाजमा विद्यमान समस्याहरु जस्तै कुलतमा फसेका व्यक्तिहरुलाई परामर्श गर्नु, परिवारमा झै-झगडा भएमा मेलमिलाप गराउनु, महिला स्वास्थ्य सम्बन्धि जनचेतना फैलाउनु, महिला अभिमुखिकरण सम्बन्धि तालिमको आयेजना गर्नु, समुदायको विकास निर्माणका कार्यहरु मिलेर गर्ने जस्ता कार्यहरु भन्ने बुझिन्छ ।

## १.२ समस्याको कथन

मानवजीवनको शुरुवातको सभ्यता सँगसगैं दिदिबहिनीहरु पनि समाजको रुपान्तरणमा झनै अगाडि बढेको देखिन्छ । विश्वको आधा भन्दा बढी जनसंख्या महिलाहरु मानव सभ्यताको इतिहासमा उनीहरुको भुमिका महत्वपूर्ण मानिन्छ । तर सामाजिक पुरुष प्रभुत्व र प्रणलीको कारण महिलाका प्रगतिका बाधक बनेका छन् । तथापि महिलाहरुको सम्बृद्द र शक्तिशाली छन् कि आफनो निर्णय लिन सक्ने क्षमतामा सक्षम, आफनो व्यवसायमा, आर्थिक पक्षमा

बलियो पकड, जीवनशैलीमा सुधार भएता पनि समाजमा महिलाको भुमिका छायाँमा परेको छ ।

नेपाली महिला समूहको अध्ययन गर्दा जुनसुकै कोणबाट पनि उनीहरु पिछडिएका छन् कि आफनो घरायसी काममा मात्रै सिमित, स्वतन्त्र र भेदभावको विरुद्दमा आवाज उठाउन नसक्नु,बन्देज गरिनु एउटा अभिषाप जस्तै भएको छ । यसको प्रमुख कारण भनेको घरमा नै त्यो समस्याको जरा छ त्यसकारण महिला र बालिकाहरु शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता विविध बिषयमा बाँधिनु परेको अवस्था छ । नेपालमा महिला र बालिकाहरु असाक्षर र आफनो विचार व्यक्त गर्न नसक्ने,छोरीलाई अर्काको घरमा जाने जात हो र घरको काम सिकाए पुग्छ, छोरालाई चाँहि ऋणै गरेर भए पनि बोर्डिङ्गमा पढाउने प्रचलनको कारण घरमा नै आफना आमा बाबुबाट नै अपहेलित बनेका छन् । राजनैतिक पक्षमा महिलाहरु त्यति नेतृत्वमा आउन नसके पनि थोरै स्थान र मौका दिएर क्षमता अभिबृद्धि गर्ने अभिभारा यस अध्ययन क्षेत्रमा पाइएको देखियो । त्यसकारण यो विषय अध्ययनको लागि निकै उत्साहप्रद र अनुसन्धानमुलक रहेको हुँदा समाजमा महिलाहरुको भुमिका सशक्तिकरण र सहभागिताले समाज परिवर्तनमा हार्दिकता र सम्वृद्धि ल्याई आफनो पहिचानमा सहायता पुग्छ । देशको आधा जनशक्तिको रुपमा रहेका महिलाहरु देश विकासमा सदा रहेता पनि अशिक्षा, गरिबी तथा पराम्परागत सामाजिक रुढिवादी व्यवहारले गर्दा सम्पत्ति, आय, रोजगार जस्ता आर्थिक स्रोत एवं आय आर्जनका अन्य स्रोत एवं आयआर्जनका अन्य स्रोतका अवसरहरुको पहुँचबाट टाढा छन् । वि.सं.२०४६ सालको परिवर्तनपछि महिलाहरुको एक खालको जागरण पैदा भयो । जसले गर्दा महिलाहरु घरबाट बाहिर निस्किएर विभिन्न किसिमको निर्माणका समाजसुधारका कार्यमा  लागे । देशका विभिन्न ठाउँमा आमा समूहहरु बने ।

त्यही सन्दर्भमा समयको अन्तराल सँगसँगै पोखरा महानगरपालिका–१५ मा नयाँ गाउँ स्थित जनशक्ति टोल आमा समूहको २०७१ सालमा स्थापना भयो । यसको स्थापना पछि यसले समुदाय सुधारका लागि महत्वपूर्ण कार्य गर्ने अठोट गऱ्यो । यस ठाउँको समुदायमा विभिन्न जातजातिबाट बनेको छ । यस ठाउँमा बसोबास गर्ने जातिहरुमा ब्राह्मण, क्षेत्री, विश्वकर्मा, घर्ती, गुरुङ्ग, मगर लगायतका जातहरु बसोबास गर्दछन् । यहाँका धेरैजसो मानिसहरु हिन्दु धर्म मान्ने गरेको पाइन्छ । यहाँका धेरैजसो हिन्दु धर्मवलम्बीहरु बसोबास गर्ने भएकोले यो समुदाय पुरुषप्रधान  समुदाय रहेको छ । पुरुषहरु विशेष गरी घरबाहिरको काममा संलग्न र केही देशबाहिर रोजगारीको लागि जाने गरेका छन् । महिलाहरु आयआर्जनको लागि

घरबाहिर जाने अवस्था छैन । उनीहरु घरभित्रको काममा सिमित रहने भएकोले बाहिरी सामाजिक काममा संलग्न हुने अवसर नै पाएका थिएनन् । यस्तो अवस्थामा केही अग्रणी महिलाहरुको सक्रियता एवं पुरुषहरुको सहयोगमा यस ठाउँका महिलाहरुले आमा सूमहको स्थापना गरे । यो समुदायमा केही पुरुषहरु समुदायको मल्य मान्यता भन्दा बाहिर गएर गतिविधि गर्ने कारणले गर्दा परिवार र समुदाय नै अशान्त भएको थियो । यस्ता सामाजिक विकृतिको नियन्त्रण गर्न र विकास निमार्णमा सहभागी भई कार्य गर्न उनीहरु संगठित भए । समाज परिवर्तनशील छ । समयको परवर्तन सगैं महिलाहरुले आफनो समुदायको विकासमा खेलेको उल्लेखनीय भूमिका गौण देखिरहेको सन्दर्भमा यो अध्ययनले महिलाले सामदायिक विकासमा खेलेको भूमिका प्रष्ट पार्न कोशिस गरेको छ । जनशक्ति टोल आमा समूहमा रहेका महिलाहरु घर भित्रका गतिविधिमा मात्रै सिमित भएको हुने समस्यालाई उजागर गर्नका लागि आवश्यकता परेकोले अध्ययन गरिएको हो ।

प्रस्तुत निम्न अनुसन्धनात्मक प्रश्नहरुको उठान गरि तिनिहरुको समाधान खोज्ने प्रयास गरिएको छ ।

१. आमा समूहका गतिविधिहरुले सामुदायिक परिवर्तनमा कस्तो प्रभाव पारेको छ ?

२. आमा समूहमा रहेका महिलाको सामाजिक र आर्थिक अवस्था कस्तो रहेको छ ?

## १.३ अध्ययनका उद्देश्यहरु

यस अध्ययनको सामान्य उद्धेश्य भनेको सामुदायिक विकासमा आमा समूहको भूमिकालाई हेर्नु रहेको छ भने यसको विशिष्ट उद्धेश्यहरु यसप्रकार रहेको छ ।

१. आमा समूहका गतिविधिहरु पत्ता लगाउने ।

२. आमा समूहको सामुदायिक परिवर्तनको अवस्था बारे पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

महिला र पुरुष दुवै समुदायका महत्वपूर्ण पाटाहरु हुन् । समुदायको उत्थान र विकासको लागि महिलाका भूमिका नर्कान मिल्दैन । आमा समूहले समुदायमा पुऱ्याएको योगदान सैद्धान्तिक रुपले समाजशास्त्रीय रुपमा विश्लेषण गर्न र महिलाहरुको भूमिका खोज्न पनि केन्द्रित रहेको छ । साथै अध्ययनले शैक्षिक र व्यवहारिक अवधारणालाई प्रष्ट्याएको छ ।

आमा समूहले समुदायमा गरेको गतिविधिहरु र महिला सम्बन्धिका परिवर्तनको अवस्थाको उजागर गरेको छ । महिलाहरुले आफ्नो सिप, क्षमता, योग्यता हुदाहुदै पनि बाध्यतावस खुम्चिएर बसेको अवस्थामा जनशक्ति टोल आमा समूहले आफ्नै समूहमा विभिन्न सिप, क्षमताका अभिमुखिकरण तालिमहरु आयोजना गरि महिलाहरुमा लुकेको प्रतिभालाई बाहिर निकाल्ने प्रयास गरेको छ । यसका अतिरिक्त सरकारी वा गैरसरकारी संस्थाहरु, सामाजिक कार्यकर्ताहरुलाई र भविष्यमा यस्तै विषयमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरुलाई समेत अध्ययनले निकालेको निष्कर्षले मद्दत पुऱ्याउने आशा लिइएको छ ।

## १.५ अध्ययनका सिमाहरु

अध्ययन गर्ने क्रमामा सीमाको निर्धारण गर्नुपर्ने देखिन्छ जसको क्षेत्र व्यापक हुन सक्दछ । जसले विभिन्न क्षेत्रमा आफ्नो कार्य गरेका हुन्छन् तसर्थ सीमाको निर्धारण गर्न महत्वपूर्ण पक्षको अध्ययन गर्न जरुरी छ । यस अध्ययनका पनि केही सीमाहरु छन् जसले यसको प्रभाव क्षेत्रलाई निर्क्योल गर्दछ । यस अध्ययनले कास्की जिल्लाको महानगरपालिका वडा नं.१५ मा नयाँ गाउँ स्थित जनशक्ति टोल आमा समूहमा आबद्ध भएका महिलाहरुमा सीमित रहेको छ । समुदाय परिवर्तनको लागि आमा समूहले गरेको सामाजिक र आर्थिक कार्यहरुको बारेमा सिमित रहेको छ । महिलाहरुलाई सकरात्मक रुपमा समुदायका कार्यहरुमा सहभागि गराउन र व्यक्तिगत क्षमताहरु प्रस्फुटन गराउनु रहेको छ ।

## १.६ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रमा सात अध्याय रहेका छन् । अध्ययाय एक मा परिचय, अध्याय दुईमा साहित्य समिक्षा, अध्याय तीन मा अनुसन्धान विधि, अध्याय चारमा अध्ययन क्षेत्र र उत्तरदाताको परिचय, अध्याय पाँचमा आमा समूह र सामाजिक गतिविधि, अध्याय छ मा आमा समूहद्वारा समुदायमा आएको परिवर्तन र अध्याय सातमा सांराश र निष्कर्ष रहेको छ ।

# अध्याय : दुई

# सन्दर्भ साहित्यको समीक्षा

## २.१ सैद्धान्तिक पुनरावलोकन

कुनै पनि समाजलाई वास्तविक रुपमा चित्रण र विश्लेषण गर्नका लागि लैङ्गिक अवधारणा निकै उपयुक्त अवधारणा हो । कुनै पनि समाजको वास्तविकता अध्ययन गर्नका लागि महिला र पुरुष बीचको सामाजिक सम्बन्धलाई गहिरिएर अध्ययन गर्नुपर्ने हुन्छ । त्यसै सन्दर्भमा समाजलाई अध्ययन र विश्लेषण गर्न महिलावादी समाजशास्त्रको विकास भएको छ । खास गरेर नारीवादको सुरुवात सत्रौं सताब्दीबाट नै सुरु भएको पाइन्छ ।

महिलावादी समाजशास्त्रले कुनै पनि समाजको लैङ्गिक संरचना र लैङ्गिकताको बारेमा अध्ययन गर्दछ । समाजको हरेक क्रियाकलापमा महिला पुरुषको समान संलग्नतासम्बन्धि अवधारणा सन् १९५० को दशक पछि विकसित भएको पाइन्छ । यस भन्दा अगाडि प्राचीन समयमा महिला र पुरुषमा भिन्नता गरिँदैनथ्यो । जब समाजमा वा विश्वमा कृषि युगको प्रारम्भ भयो त्यसै समयदेखि महिलामाथि पुरुष दमनको सुरुवात भयो । पुरुषहरुले धेरै जग्गा जमिन ओगट्न थाले र त्यही सम्पत्ति धान्नको लागि धेरै श्रीमती विवाह गर्ने बच्चा धेरै जन्माउने गर्न थाले र यसरी बहुविवाहका प्रथा पनि विकास भयो । त्यसै समयदेखि लिङ्गको आधारमा महिलाहरुप्रति भेदभाव गर्न थालियो । धेरै ज्याला पाउने काममा पुरुष लाग्ने र थोरै ज्याला पाउने काममा महिलालाई लगाउन थालियो । समान काममा पनि महिला र पुरुष बीच असमान ज्यालाको विकास भयो । सम्पत्तिमाथि महिलाको अधिकार भएन । उसको यौनिकता र प्रजनन सम्बन्धि पनि कुनै अधिकार रहेन । कुनै कलकारखानामा पनि मेशिनहरुको विकास भएपछि सर्व प्रथम महिलालाई निकाल्ने गरियो । महिलाको कामको कुनै मूल्याङ्कन नै गरिएन । त्यसरी घरमा पनि घरभित्रको कामको कुनै हिसाब किताब हुँदैन र उनको पठन पाठन वा सशक्तीकरण प्रकृयाबाट बन्चित गराएको हुन्छ । परम्परागत रुपमा विकसित हुँदै आएका जति पनि सिद्धान्तहरु छन् ती सबै पुरुष केन्द्रित रहेको जसमा केवल पुरुषलाई मात्र उच्च र फाइदा हुने ढंगबाट व्याख्या गरिएको पाइन्छ भन्दै नारीवाद सर्वप्रथम सन् १८३० मा संयुक्त राज्य अमेरिकामा दासता विरुद्ध संघर्ष गर्नको लागि संगठित समूहसँग नारीवादको उत्पत्ति हुन गएको हो । (आचार्य, २०५९)

भारतीय समाजशास्त्री कमला भासीन् (२०००) का अनुसार समाजका काम गर्ने ठाउँमा, परिवार हुने महिलाको दमन एव्म दुवैद्धारा यो अन्यायपूर्ण अवस्था बदल्ने दिशामा जागरुक सक्रियता नै नारीवाद हो । महिलावादी आन्दोलन ज्यादै लामो छ । महिलावादी आन्दोलन खास गरी १७/१८ औं शताब्दीतिरबाट सुरु भएको पाइन्छ ।

महिला आन्दोलन लामो भए तापनि आजसम्म पनि समाजमा लैङ्गिक विभेदको समस्या जल्दो बल्दो रुपमा रहिरहेको छ । वर्तमान् समयमा आधा आकाश ओगाटेको नारीहरु समाजमा दोस्रो दर्जाको नागरिकका रुपमा बाँच्न विवश छन् । त्यो सबै पितृसंत्ताको उपज हो भन्न सकिन्छ । विश्व परिवेशमा महिलावादी आन्दोलनको सुरुवात इनलाइटमेन्टको समय देखि नै भएको पाइन्छ । विशेष गरी १७९२ मा Mery Wolestolan Craft 'A vindication of right of women' को प्रकाशन भएपछि विभिन्न समस्याहरुको पहिचान गर्न सकियो । यो पुस्तक खास गरी महिला भनेको पुरुषहरुलाई खुशी पार्ने साधन मात्र हो भन्ने प्राचिन मान्यताका विपरितमा लेखिएको थियो । महिलालाई सामाजिक, राजनैतिक, शैक्षिक र श्रम बलमा समान अवसर दिनुपर्छ भन्ने कुरालाई प्रमुखताका साथ उठाइएको थियो । विशेष गरी युरोपमा आएको औधोगिक क्रान्तिपछि समाजका हरेका पक्षहरुमा व्यापक परिवर्तन आयो । त्यसै क्रममा महिला आन्दोलनले पनि अमेरिका र युरोपमा विस्तारित हुने अवसर पायो । (क्राफ्ट, १७९२)

यसै अवसरमा महिलावादी समाजशास्त्रको विकास भयो पितृसत्ताले समाजमा हरेक क्रियाकलाप, विकास सिद्धान्त, कला सहित्य आदि जस्ता क्षेत्रमा महिलाको भूमिकालाई वास्ता गरेको हुँदैन यस्तो समाजको वैकल्पिक रुप प्राप्त गर्नका लागि महिलाहरु जागृत भएको देखिन्छ, त्यही अवस्थाबाट नै नारीवादको उदय हुन गएको पाइन्छ । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पुरुषसरह अवसर उपभोग गर्न पाउनुपर्छ भनी देखा परेको आन्दोलन वा दर्शन नै महिलावाद हो । नारीवादमा पहिलो धारको उत्पत्ति सन् १९४८ मा Elizabeth Cady Santon र Lucrieta Mott ले न्यूयोर्कमा महिलाहरुको मुद्धामा आवाज उठाउनका लागि आयोजना गरेका सम्मेलनबाट भएको हो । सन् १९६३ Betty Friend को “The Feminine Mystiwue” मा प्रकाशित भयो । तत्कालिन समाजमा व्याप्त रहेको महिला अधिनतालाई यस पुस्तकले राम्रोसँग चित्रण गरेको छ । प्रस्तुत पुस्तक नारीवादी आन्दोलनमा दोस्रो धारको महत्वपूर्ण जग मानिन्छ । सन् १९८० को दशक पछाडि विकसित भएको नारीवादको तेस्रो धराले महिलाहरु बीचमै हुने भिन्नताहरुमाथि आफ्नो

ध्यान केन्द्रित गरेको छ । नारीवादमा तेस्रो धारले महिला अनुभवहरुको विविधताको चित्रण गरेको पाइन्छ (पौडेल, २०५८) ।

### २.१.१ आमुल महिलावाद

आमुल महिलावाद २० औं सताब्दीको बीचमा देखा परेको सिद्धान्त हो । यसले समाजमा हरेक संगठन र संस्थाभित्र दमन प्रणाली हुने कुरालाई स्वीकार्छ र दमनको आधारभूत प्रणाली चाहिँ पितृसत्ता हो । किन लोग्ने मान्छेले पितृसत्ता कायम राख्दछ भन्ने प्रश्नको जवाफमा यसले महिलाको भन्दा पुरुषको शारीरिक शक्ति मात्र बढी हुँदैन, महिलालाई शोषित र निरीह प्राणीका रुपमा राख्ने लोग्ने मान्छेको साँच्ची नै भित्री स्वार्थ रहने गर्छ । महिलाका रुपमा महिलाको सधै सकारात्म मूल्य हुन्छ । जुनसुकै ठाउँमा पनि महिलालाई दबाइएको छ भन्ने आमूल महिलावाद मूलतः निम्न दुई मान्यतामा आधारित छ ।

क) महिलाहरुको समाजमा अत्यन्तै निष्क्रिय मूल्य रहेको छ,

ख) पितृ सत्तात्मक प्रणालीले महिलाहरुलाई जहाँसुकै अत्यन्तै दमन गरेर राखेको छ ।

आमुल नारीवादका लागि पितृसत्ता केन्द्रिय अवधारणा हो । यसले विश्वव्यापी लैङ्गिक दमन साथसाथै दमन भित्र हुने अन्तर साँस्कृतिक विविधताहरु मथि समेत पनि ध्यान पुऱ्याएको छ । आमुल महिलावादका लागि पितृसत्ता केन्द्रिय अवधारणा हो । सामाजिक जीवनका कतिपय क्षेत्रको मानिसको बीचमा विवाद उत्पन्न गराउँदछ । धनी र गरीब बीचको खाडल, लैङ्गिक विभेद र जातिय विभेद र असमानताका कारण व्यक्ति परिवार समुदाय र समाजलाई हुने क्षतिले समाजमा झगडा उत्पन्न गराउँछ । समाजनमा सम्पत्ति, शक्ति, सम्मान ग्रामीण क्षेत्रमा खाना तथा पोशाक प्रमुख आधार हुन्छ भने सम्पन्न क्षेत्रमा भने राजनैतिक शक्ति, स्वार्थ तथा विलासितालाई पनि आधार मानिन्छ । नारी र पुरुषका आधारभूत रुपमा बेग्लाबेग्लै रुची  हुन्छन् । नारी र पुरुषका बीचमा भएको असमानता हटाउनु पुरुषले प्राप्त गरेका शक्ति सम्पत्ति र सामाजिक प्रतिष्ठामा महिला वर्गलाई पनि सहभागि गराइनु पर्छ जुन कि पुरुषले चाहदैनन् । महिला विभेद र दमनको थलो परिवार हो । प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन हुन्छ र सोही अनुरुप सामाजिकरण तथा भूमिका पनि निर्धारण हुन्छ । पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध नै विभेदको मुख्य तत्व भएकोले परिवारमा लोग्ने मानिसको आवश्यकता पूरा गर्न समलिङ्गी विवाहलाई विकल्प लिंदा पितृसत्ता अन्तर्गत परिवर्तन र हैकमवादी एव्म दमनवादी सोचाइ र व्यवहारमा परिवर्तन

हुनसक्छ । महिला हुनु आफैमा दुर्भाग्य होइन महिलाका आफै कतिपय विशेषताहरु छन् तर पितृसत्ताको व्यवस्थाले महिलाले ती विशेषतालाई कदर गर्न कन्जुस्याई गरेको छ । यस पितृसत्तात्मक व्यवस्थाले गर्दा महिलाहरु हरेक क्षेत्रमा थिचो मिचोमा परेका छन् । ( चौलागाई आदि, २०६०)

### २.१.२ मार्क्सवादी महिलावाद

इसको आधार नै मार्क्सवाद हो । सन् १८८४ मा प्रकाशित फ्रेडरिक एङ्गेल्सको पुस्तक “परिवार निजी र स्वामित्व र राज्यको उत्पत्ति” नै यसको मुख्य आधार हो । समाजका दुई परम्परा अन्तरविरोधात्मक वर्ग बीचको सम्बन्धमा जोड दिन्छ । महिला सम्बन्धी प्रश्न पनि यसै सम्बन्ध अन्तर्गत आउँछ । महिला मुक्तिका लागि गरिने संघर्ष पुरुष विरुद्धको संघर्ष होइन बरु यो त पुँजीदावी सम्बन्धहरुको विरुद्धको संघर्ष हो । वर्ग संघर्षले मात्र लैङ्गिक असमानताको अन्त्य गर्न सक्न निजी स्वामित्वको अन्त्य हुन्छ । पुरुषद्धारा महिलामाथि हुने दमनको घनिष्ठ सम्बन्ध पुँजीसँग छ किनभने पितृसत्ता र पुँजीवाद परस्पर सहायक हुने गर्दछन् (चौलागाई, आदि, २०६०) ।

मार्क्सका लागि मानिसका सबैभन्दा आधारभूत आवश्यकता भनेको भोजन, कपडा र आवास हुन् । यी आवश्यकता परिपूर्ति गर्ने सिलसिलामा उनले दुई वटा कुरामा जोड दिए । कसरी वस्तु उत्पादन प्रक्रियाले सामाजिक सम्बन्धमा असर पार्छ ?मानिसमा सामाजिक जीवन बुझ्न हामीले उत्पादन प्रक्रियामा उसको भूमिकाको विचार गर्नुपर्ने हुन्छ । जसले उत्पादन प्रक्रियालाई नियन्त्रण गर्दछ । उसले नोकरीमा पनि नियन्त्रण गर्छ भने पूँजीपतिहरुले मजदुरलाई शोषण गर्दछन् र प्रतिष्ठा तथा सम्पत्ति आर्जन गर्दछन् ।

मार्क्सवादीहरुले तर्क गर्छन् कि पुँजीवादी प्रथालाई नहटाएसम्म महिलाहरुले समान हक र अधिकार प्राप्त गर्न सक्दैनन् । किनकी पुँजीवादी प्रथाले महिलाहरुको शोषण गरेको छ । मार्क्सवादले महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्ध भनेको पुरुष शक्ति सम्बन्धलाई विश्लेषण गर्दै भनेका छन् कि पुँजीवादी समाजमा जसरी पुँजीपतिहरुले स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरु श्रमजीवि जस्तै हुन्छन् जहाँ स्रोत माथि नियन्त्रण पुरुषको हातमा केन्द्रित हुन्छ। अर्कोतिर महिला र पुरुषबीच मनौवैज्ञानिक र कार्यगत असन्तुलन र असमानताहरु समाजका स्थापित गर्ने कार्यहरु भए । यस परिस्थितिमा

महिलाहरुको स्रोतमाथि पहँच घट्ने शिक्षा, रोजगार तथा बाह्य गतिविधिमा संलग्नताको पहुँछ सधैं कमजोर नै रह्यो ।

महिलाहरु र पुरुषबीचको सम्बन्ध वैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसमा महिलाहरु माथि रहेका सामाजिक, आर्थिक तथा साँस्कृतिक विभेदहरुको अन्त्य गरी उत्पादन शक्ति माथिको पहुँच बढी मजबुत गर्नु पर्ने तथ्यमा जोड दिन्छन् । महिलाहरुमा भएको ज्ञान, सीप र क्षमताको प्रयोग गर्नुपर्दछ । मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्नु जरुरी छ, त्यसरी नै लैङ्गिक आधारमा गर्नु आवश्यक छ । (आचार्य, २०५९)

### २.१.३ समाजवादी नारीवाद

समाजवादी महिलावाद लैङ्गिक दमनको उपागम अन्तर्गत एक लोकप्रिय पक्ष हो । यसले आमुल नारीवाद र मार्क्सवादी नारीवादका मान्यताहरुलाई संश्लेषणात्मक रुपबाट विश्लेषण गर्दछ । समाजवादी महिलावादले मार्क्सवादी अन्तर्गतको वर्ग दमन र आमूल नारीवाद अन्तर्गतको लैङ्गिक उत्पीडनलाई संश्लेषणात्मक विश्लेषणात्मक गरी महिलाले भोग्नु परेको अधीनता विभिन्न ठाउँ र परिवेशमा के कति समान वा असमान छ भनी सोको मापन गर्न चाहन्छ । यसलाई महिलावादीहरुद्धारा महिलाको दमन र पुँजीवादी पितृसत्ताको नाममा संकेत गरेको पाइन्छ । वास्तवमा समाजवादी महिलावादले वर्ग एंवम लैङ्गिक दमनलाई मात्र हेरिनु हुँदैन किनकी समादमा दमनका विभिन्न स्वरुपहरु विभिब्न्न वर्गमा फरक-फरक ढंगबाट अन्तर्निहित भएर रहेका हुन्छन् । त्यसैले समाजमा विभिन्न जातिय, प्रजाति, धर्म उमेर, लिङ्ग, यौनिक रुचि विश्वव्यापी तहको स्थिति आदिका आधारमा व्याख्या एंव विश्लेषण गरिनु पर्दछ भन्ने कुरालाई जोड दिन्छन् । यसप्रकार दमनको प्रणालीको खोज गर्ने आधारका रुपमा लिई महिलामाथि बढी राम्रो चरितार्थ गरेको छ । सबै ठाउँका महिलाहरु माथि समान तरिकाले दमन गरिएको छ भन्ने कुरामा यसले विश्वास गर्दैन । (चौलागाई आदि, २०६०)

सन् १९७० को अन्तसम्मको महिला आन्दोलनलाई पहिलो, दोस्रो र तेस्रो धार गरी वर्गीकरण गरिएको छ । १९८० को दशकमा नारीवादमा तेस्रो धारको उदय भएको पाइन्छ । मूलतः नारी मुक्ति न्याय र समानताका निम्ति संघर्षकै रुपमा १९७५मा मेक्सिकोमा पहिलो, १९८०मा कोपन हेगनमा दोस्रो, १९८५ मा केन्यमा तेस्रो र १९५५ मा वेइजिङमा चौथो महिला सम्मेलन भयो भने १९७५ देखि १९८० को समयलाई संयुक्त राष्ट्रसंघले महिला

दशक भनि घोषणा गऱ्यो । १७७९ मा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि पारित भयो । उपरोक्त विभिन्न सम्मेलनमा महिला अधिकार समानता, उत्तरदायी अवसर, विकास, शान्ति आदि पक्षमा जोड दिइयो । फलस्वरुप महिलाको विकास तथा महिला अवसरहरुलाई विशेष जोड दिइयो ।

महिला तथा पुरुष समानतालाई जोड दिने क्रममा १९७०को प्रारम्भमा WID, १९७०को अन्त्यमा WAD र १९८० को दशकमा GAD जस्ता अवधारणाको विकास भयो । विश्वमा वर्तमानसम्म पनि नारी पुरुष असमानता विद्यमान रहेको हुँदा असंख्या नारीवादी महिला र पुरुष समानता नहुन्जेलसम्म भविष्यमा पनि आन्दोलित रहिरहने कुरामा दृढ संकल्पित छन् ।

### २.१.४ नेपाली सन्दर्भमा महिला आन्दोलन

नेपाली सन्दर्भमा नारीवादी आन्दोलनलाई हेर्दा नालापानीको युद्धमा १८१४ को सिभिल राइट मुभमेन्ट देखिमहिलाहरु पुरुषहरुसँगसँगै अगाडि बढेको पाइन्छ । यसभन्दा पहिलेको आन्दोलनले वि.स. १९५१ को प्रजान्त्रिक आन्दोलनलाई पनि असर गरेको पाइन्छ । त्यस बेला महिलाहरुले राजनैतिक परिवर्तनपछि विभिन्न समूह गठन गरेका थिए । जसमा पहिले आदर्श महिला समाजको गठन भयो । त्यसपछि वि.स. १९५८ मा नेपाली महिला संगठन उस्तै उदेश्य लिएर स्थापना भयो । यस संगठनले महिला हकहितका र मतधिकार प्राप्त गर्नका लागि दबाब दियो । यी दबाबका कारणले गर्दा नै वि.सं. १९७७ मा चन्द्र शम्शेरको पालामा सती प्रथाको अन्त्य भयो । (श्रेष्ठ, २०६६)

निरंकुश राणा शासनको विरोध गर्ने क्रममा भोजपुर मजुवा बेसीको योगमाया न्यौपानेले आध्यात्मिक धाराणाबाट राणाशाहीको विरोध गर्दै महिलाहरुको हितको निम्ति कल्याणकारी सामाजिक सुधार होस्, राणशाही अन्त्य होस्, पुरोहितवादको अमानवीय भलनको खारेजी गरियोस् जस्ता २६८ वटा मागहरु ऋघि सार्दै राणाशहीको विरोध गरिन् । योगमायाले सत्य धर्म भिक्षाको नाममा तत्कालिन सरकारलाई २६८ वटा माग सहितको बिन्ति पत्र चढाए पनि बेवास्ता गरियो । उनका मागहरु समाज सुधार र सामाजिक न्यायको पक्षमा, महिला विधवाको अधिकारको पक्षमा सामाजिक विसंगति विकृतिका रुपमा रहेका प्रचलन एवं अन्ध विश्वास, घुसखोरीको विरोधमा, वनजंगल र चरनको सुरक्षाको सम्बन्धमा, जातपात र छुवाछुत, सानाठूला, मानपाथीको र चर्को व्याज, आदिको नियन्त्रणका पक्षमा केन्द्रित थिए । यी मागहरुको कार्यान्वयन पक्षको कुनै संकेत नपाएपछि वि.सं. १९९५ मंसिरको पूर्णिमाका

दिन भोजपुरको मजुवामा ठूलो यज्ञको तयारी गरियो । उक्त यज्ञमा योगमाया र उनका २६८ अनुयायीहरुले अग्नी प्रवेश गरी प्राण त्याग्ने निर्णय गरे । तर सरकारले उक्त यज्ञ रोक्ने आदेश दिए । आदेशमा भनिएको थियो "भक्ति भनाउँदीलाई पार्टीमा राखी कैद परेको भनि सुनाइदिनु र अरुलाई धनकुटा जेलमा थुन्नु" ।

यसरी नेपालाको पहिलो आन्दोलनमा पहिलो जेल पर्ने महिला योगमाया न्योपाने हुन् । सत्य धर्म भिक्षाको बदलामा जेल नेल भोग्नु परेपछि योगमायाले झनै अन्याय अत्याचार बढेको महशुस गरिन् र धर्म रक्षा नहुने देखिन् । जुन राज्यमा धर्म र न्याय पाइदैन र आफूले केही गर्न पाइदैनि भने पनि सरकारलाई चेताउनी दिनुपर्छ र आफू पछिका सन्ततिले धर्म र न्याय पाउँछन् भन्ने योगमायालाई लाग्यो । त्यसैले उनी र उनका अनुयायीहले वि.संस १९९८ साल असार ३१ गते शनिबार उज्यालो नहुँदै हरिशयनी एकादशीका दिन अरुण नदीको उर्लदो भेलमा हामफाली देह त्याग गरेका थिए । (तुम्बाहाङ्फे, २०५९)

नेपालको महिला आन्दोलनलाई विशेषगरी तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

### क) दलविहीन पञ्चायति व्यवस्था पूर्व (सन् १९६०) सम्म

नेपालको महिला आन्दोलन तत्कालिन राणाशासन र त्यसको अन्यायपूर्ण परिवेशको विरोधमा भएको देखिन्छ । तत्कालिन समाजको केही सीमित चेतनशील महिलाहरुले राणाशासनको अन्त्य गराउनको निम्ति भैरहेको आन्दोलनमा साथ दिन र नेपाली महिलाहरुलाई राजनैतिक एवं सामाजिक चेतना प्रदान गर्नका निम्त संगठित भई आन्दोलनको सुत्रपात गरेको देखिन्छ । नेपाली महिला आन्दोलनको संस्थागत विकास सन् १९१७ को पहिलो महिला समितिको गठनबाट भएको देखिन्छ जसका् अध्यक्षता योगमाया कोइरालाले गरेकी थिइन् । त्यसको तीन दशक पछि सन् १८४७ मा रेवन्त कुमारी आचार्यको अध्यक्षतामा जयनगरमा आदर्श महिला समाजको गठन भयो । यसको उदेश्य सामाजिक र राजनीतिक रुपमा महिलामा चेतना ल्याउनु थियो ।

२००४ सालमा काठमाडौमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको गठन भयो । त्यसै साल काठमाडौंमा रेवन्त कुमारी र मंगलादेवी दुवैको संयुक्त रुपमा नेपाल महिला संघको गठन भयो । यी दुवैको संगठनले  राणा शासनको विरुद्ध दबाब दिने र बाल विवाह र छुवाछुत लगायतका सामाजिक कुसंस्कारका विरुद्ध आवाज उठाउने गर्न थाले ।

२००६ साल तिर भारतको रक्सौलमा तारादेवी शर्माको अध्यक्षतामा अखिल नेपाल महिला संघको गठन भयो भने सोहबि नाममा अर्कोतर्फ काठमाडौंमा पुण्यप्रथा देवीको अध्यक्षतामा अर्को महिला संघको स्थापना भयो । यसको केही महिनामा १९५१ को सुरुमा देशमा राजनीतिक परिवर्तन पश्चात नेपाल महिला संघ दुई भागमा विभाजित भयो । एउटाको अध्यक्षतामा कामक्षादेवी रहिन् । वास्तवमा त्यही समयमा चारवटै महिला संगठनहरुले राजनीतिक संगठनका रुपमा राजनीतिक मुद्धामा सहभागी रहेको देखिन्छ । नेपालमा १९५१ सालमा प्रजातन्त्र ल्याउनका लागि यस बेलाका महिला र महिला संगठनहरुले महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

प्रजातन्त्रको स्थापना पश्चात १९५४ सालको दोस्रो सल्लाहकार सभामा महिला संगठनहरुको दबाबमा चार जना महिलाको सहभागिता  गराइएको थियो र यसै गरी १९५६ मा महिला स्वंयमसेवी सेवाले विभिन्न नाममा गठन भएका महिला संगठनहरुलाई एकै ठाउँमा राख्ने प्रयास स्वरुप अखिल नेपाल महिला संघ पुण्यप्रथा देवी समूह र आर्य समाज मिलेर संयुक्त कार्यसमितिको गठन गरिएको थियो ।

**ख) पञ्चायती व्यवस्थाकाल अवधि (सन् १९६० देखि १९९०)**

पञ्चायती व्यवस्थाको स्थापना भब्एपछि यस अघिका जतिपनि क्रियाशील राजनीतिक संगठन सोसँग सम्बन्धित महिला संगठनहरुलाई प्रतिबन्ध लगाइयो र कतिपय संगठन भूमिगत हुन पुगे । १९५२ मा पञ्चायतको विभिन्न जनवर्गीय संगठन भूमिगत हुन पुगे । १९५२ मा पञ्चायतको विभिन्न जनवर्गाीय संगठन बनाउने क्रममा महिला संगठनको रुपमा नेपाल महिला संगठनको गठन भयो । विमला मास्केको पहिलो अध्यक्षतामा बनेको यस संगठनले महिला सुरक्षा, साक्षरता, आदि उदेश्य बोकी प्रभावकारी कार्यहरु गरेर देखाउन सफल भयो । सन् १९७५ मा संयुक्त राष्ट्रसंघको निर्णय अनुसार नेपालमा पनि महिला दशक मनाइयो । यसैगरी सन् १९७७ मा नारी सेवा समिति र १९८२ मा पञ्चायत तथा स्थानिय विकास मन्त्रलयको मतहतमा महिला विकास शाखाहरुको स्थापना गरियो । सन् १९८७ मा महिला विकास शाखा श्रम तथा समाज मन्त्रालयको स्थापना गरियो । (चौलागाई आदि, २०६०)

**ग) पञ्चायती व्यवस्था पछिको समय वर्तमानसम्म (सन् १९९० पछि वर्तमान सम्म)**

नेपालमा सम्पन्न ऐतिहासिक जन आन्दोलन २०४६ को सफलतापछि बहुदलीय व्यवस्थाको स्थापना भयो र त्यसपछिको नेपालमा खुल्ला वातावरण भइसकेपछि महिलाको हक हितको लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरु ठूलो मात्रामा खोर्लिका छन् । ती संस्थाहरु मध्ये केही संस्थाहरुले अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गर्दै समस्यामा परेका नेपाली महिलाहरुको सेवा गर्दै आएको छ । उदाहरण स्वरुप माइती नेपालका संस्थापक अनुराधा कोइराला सिएनएन हिरोको उपाधि प्राप्त गर्न सफल भइन् ।

यस अवधिमा महिला आन्दोलनको उपलब्धि स्वरुप कानुनी रुपले महिलाहरु सशक्त र सबल बनेका छन् । यस अवधिमा बनेका नेपालका सबै संविधानमा समानताको हक अन्तर्गत मौलिक हक समावेश गरिएका पाइन्छ । नेपाल अधिराज्यको संविधान २०४७ मा गरिएको लैङ्गिकसम्बन्धि व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ मा पनि गरिएको छ । नेपालको अन्तरिम संविधान २०६३ धारा १२-१,२,३,४ मा यसका अलावा अन्तरिम संविधानमा महिलाको हकलाई छुट्टै मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । महिला भएकै कारणले कुनै पनि किसिमको भेदभाव गरिने छैन भनी धारा २० (१) मा व्यवस्था गरिएको छ, त्यस्तै पैत्रिक सम्पत्तिमा छोराछोरीलाई समान हक हुने व्यवस्था धारा २० (४) मा गरिएको छ । ( अर्याल, २०६४)

## २.२ पूर्व अध्ययनको समीक्षा

महिलाहरुलाई सशक्त बनाउनको लागि विभिन्न संघसंस्थाहरु क्रियाशील रुपमा लागि परेको पाइन्छ । संघसंस्थाहरुले महिलाहरुलाई पारिवारिक स्तर देखि माथि उठाउने पहल गरेको छ । राजनीतिक रुपमा महिलाको सहभागिता ३३ प्रतिशत भए पनि सहकारी क्षेत्रमा पहुँच ५१ प्रतिशत पुगेको छ । महिलाहरुलाई समूहमा सहभागी गराई उनीहरुसँग भएको ज्ञान, सीप एक अर्कोमा आदानप्रदान गराउने, स्थानिय स्तरमा भएको स्रोत र साधनहरुलाई परिचालन गर्दै आर्थिक स्तर माथि उठाउन सिकाउने, ज्ञान बढाउने तालिमहरुको व्यवस्था गर्ने, आत्मविश्वासको वातावरण सृजना गर्ने, निर्णय प्रक्रियाहरुमा अगाडि बढाउने आदि जस्ता क्रियाकलापहरु संचालन गरी महिलाहरुलाई सशक्त बनाउँदै आएको छ (पौडेल, २०७५) ।

यसरी महिलालाई सशक्त बनाउनको लागि सहभागिता, आर्थिक पक्ष, सामाजिक पक्ष, आत्मविश्वास, चेतना, निर्णय प्रक्रिया आदिमा बढीमा जोड दिइएको छ । संस्थामा महिलाहरुको सहभागिताले उनीहरुलाई सशक्तीकरणको लागि टेवा प्रदान गर्दछ । छरिएर

रहेका सानासाना पूँजीलाई एकत्रित गर्दै सामूहिक रुपमा अगाडि बढ्न हौसला प्रदान गर्दछ । संस्थामा आबद्ध भैसकेपछि पाउने विभिन्न तालिमहरुले महिलाहरुको क्षमता र नेतृत्व विकास गराउन सहयोग गर्दछ । आफूलाई आवश्यक रकम लिई आयमूलक कार्यहरुमा लगानी गर्नाले रोजगारीका अवसरहरु वृद्धि भई बेरोजगार बस्न पर्दैन, भने अर्कोतिर घर परिवारमा यसले प्रत्यक्ष राम्रो प्रभाव पारी अन्ततोगत्वा गरीबी न्यूनीकरणमा टेवा मिल्न जान्छ । (बस्याल, २०७२)

महिलाहरुको बारेमा धेरै लेख रचना अनुसन्धनात्मक कार्य तथा अध्ययनहरु पनि भएको पाइन्छ । ढकालले सातौं गाउँमा आमा समूहले सामूदायिक विकासमा अर्थात् सशक्तीकरणमा पुऱ्याएको योगदानका बारेमा उल्लेख गरेकी छन् । उनले महिलाहरुको उल्लेख्य सहभागीताले समुदायको विकास गर्न सकिने बताएकी छन् । उनले आफ्नो लेखमा विभिन्न सरकारी तथा गैर सरकारी निकायले पनि समुदायको विकासमा काम गरेको र समुदायको विकासमा वास्तविक उपलब्धि हासिल गर्नको लागि महिला पुरुष दुवैको समान सहभागिता र दुवैको संयुक्त प्रयासले विकास दिगो र टिकाउ हुने निष्कर्ष निकालेकी छन् । (ढकाल, २०६३)

श्रेष्ठले कास्कीको घान्द्रुक गाउँमा संरक्षण र विकास कार्यक्रममा आमा समुहको योगदान सम्बन्धि गरेको एक अध्ययन अनुसार संरक्षण र विकास कार्यक्रमका लागि महिलाहरुको उच्च सहभागिताले कार्यक्रम प्रभावकारी एवं सफल हुने कुरा उल्लेख गरेका छन् । त्यसै गरी महिलाहरुको सहभागिता र समर्पणमा घान्द्रुक एक्यापका कार्यक्रमहरु हुने गरेका छन् । श्रेष्ठ र हाछेथुंले कास्कीको केही गाउँमा गरेको अध्ययनमा जोड रक्सी खाने र जुवा तास खेल्नेलाई सजायको व्यवस्था गरी त्यस कार्यलाई निर्मूल पार्न आमा समूहले खेलेको भूमिकाको बारेमा अध्ययन गरेका छन् । आमा समूहले गरेको उक्त कार्यक्रमलाई प्रहरी प्रशासन  र गाउँ विकास समितिले पनि साथ दिएपछि त्यस क्षेत्रमा परिवारिक अत्याचार घट्नुको साथै परिवारमा महिलाको इज्जत पनि बढेको पाइएको, उनीहरुले विकास निर्माणका कार्यहरु पनि गरेको र महिलाहरु चुपचाप बस्ने र सबै कुरामा आत्मसमर्पण गर्ने र परम्परा भन्दा नितान्त बेग्लै रुपमा आइरहेको अध्ययनले देखाएको छ । (श्रेष्ठ र हाछेथुं, २०५९)


समाजमा रहेका तमु महिलाहरुलाई ग्रामीण तहदेखि जिल्ला हुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म ल्याउन सशक्तीकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातिय विभेदहरुलाई हटाउन योगदान पुऱ्याउनु । (नेपाल गुरुङ्ग (तमु) महिला संघ, २०६७)

लामिछानेले सामदायिक खानेपानी व्यवस्थापनमा महिला सहभागिता (माछापच्छे सामदायिक खानेपानी घारीपाटन १७) मा गरेको अध्ययनमा उनले पानीको स्रोतको सही व्यवस्थापन पुरुष एक्लैले गरेको सम्भव नहुने, महिलाको उचित सल्लाह र सहयोग, संलग्नता र महिलाको सहभागिता बढाएको खण्डमा स्रोत व्यवस्थापन पक्षमा महत्वपर्ण योगदान पुग्ने उनले बताएका छन् । (लामिछाने, २०६६)

देशको आधा जनशक्तिका रुपमा रहेका महिलाहरु देश विकासमा सदैव संलग्न रहेपनि अशिक्षा, स्वास्थ्य,गरिबी एवं रुढीबादी व्यवहारका कारण सम्पत्ति,आय, रोजगार, आर्थिक एवं अन्य स्रोबाट टाढा छन् । जबसम्म महिला र पुरुष वर्ग साथसाथै पर्ण रुपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुदैनन् तबसम्म देशको आर्थिक स्थितिमा सुधार आउन सक्दैन । (रा.यो.आ, २०५४) सरकारी योजनामा सहभागितालाई समावेश गरी निर्णय प्रक्रिया, प्रयोगकर्ताको रुपमा समान पहुँच राख्न स्थानिय समुदाय अझ महिला बर्गको स्थान सुनिश्चित गरिनुपर्दछ । विकासका हरेक पक्षमा जनताको संलग्नता स्थानीय तहबाटै हुनुर्पदछ भने महिलालाई प्राथमिक रुपमा हेरिनुपर्दछ । (शर्मा, २००४)

नेपालमा महिलाहरुको अवस्थाको बारेमा मीना आर्चायले पराम्परागत नेपाली समाजमा जात, अधिकार, वशंज र पारिवारिक अवस्थाले गर्दा महिलाहरुको सामाजिक तथा अन्तरक्रियामा शोषण गरिरहेको छ ।

## २.३ अवधाराणत्मक ढाँचा



सचेतना तथा अभिमुखीकरण तालिमहरु

लेखा परिक्षण तथा हिसाब मिलान

पिकनिक कार्यक्रम तथा हिसाब मिलान

**१. मासिक बैठक**

जनशक्ति टोल आमा समुहले टोलमा आई बसोबास गरिरहेका प्रत्येक घरका आम्दानीहरुलाई टोलको सदस्यको रुपमा स्वागत गर्दै प्रत्येक महिनाको पहिलो शनिवार टोलको भवनमा बैठक बस्ने गरिन्छ । प्रत्येक नयाँ घरका आमादिदिबहिनीलाई समुहमा प्रवेश शुल्क स्वरुप रु.१००० लिने गरिन्छ ।

**२. बचत तथा लगानीहरु**

जनशक्ति टोल आमा समुहले टोलका प्रत्येक घरका आमा दिदिबहिनीहरुलाई समेट्दै कोष वृद्धिको प्रत्येक महिनाको प्रति रु.१०० उठाउने गरेको छ । र प्रत्येक नयाँ सदस्य दिदिबहिनीबाट आमा समुहमा प्रवेश गरेवापत रु.१००० उठाउने गरिएको छ । उठाइएको रकम सांग्रिला बैकमा जम्मा गर्ने गरिएको छ । कुनै सदस्यले व्यापार गर्न चाहेमा वा अन्य काम गर्ने माग अनुसार भेलामा छलफल गरि निश्चित महिनाको लागि सहुलियत ब्याजमा कर्जा दिने गरिन्छ ।

**३. वार्षिक साधारण सभा**

जनशक्ति टोल आमा समुहले कार्यकालको प्रत्येक वर्षमा साधारण सभा गर्ने गरेको छ । योजना गरिएको कार्यक्रमहरु सफलता पूर्वक गरिएको र गर्न नसकिएका कार्यहरु कारण खुलाई प्रतिवेदन पेश गरि सुनाउने कार्य गरिन्छ ।

**४. टोल सरसफाई अभियान**

जनशक्ति टोल आमा समुहले आफ्नो घर वरिपरि र टोल बाटोको सरसफाई गर्ने गर्दछ । प्रत्येक महिनाको पहिलो शनिबार टोलको सरसफाई गर्ने गरिन्छ ।

### ५. कोष अभिवृद्धि कार्यकम

जनशक्ति टोल आमा समुहले समुहको कोष वृद्धिको लागि टोलको विभिन्न कार्यहरु गर्दै आइरहेको छ । जस्तै कुनै घरमा लामो समयपछि लाहुरे आएको छ भने लाहुरेलाई स्वागत गर्दै नाचगान गर्ने गरिन्छ र लाहुरेबाट प्राप्त आम्दानी कोषमा राख्ने गरिन्छ । त्यस्तै गरि प्रत्येक वर्ष आउने गरेको चाड दशै तिहारमा देउसी भैलो खेल्ने र टोलमा कुनै छोरी चेलीको विवाह भएको छ भने जन्ती छेक्ने काम गर्ने र प्राप्त रकम बैंकमा जम्मा गरिन्छ ।

### ६. सचेतना तथा अभिमुखीकरण तालिमहरु

जनशक्ति टोल आमा समूहले आफ्नो २/२ वर्षको कार्यकालमा सचेतना तथा अभिमुखीकरण तालिमहरु आफ्ना समूह तथा वरपरका आमा समूहसँग तथा विभिन्न संघ संस्था सँग सहकार्य गरि गर्ने गरेको छ ।

### सचेतनाका कार्यक्रमहरु

स्वास्थ्य र सरसफाई सम्बन्धि कार्यशाला, गर्भपतन सम्बन्धि तालिम,पारिवारिक परामर्शको तालिम, जनचेतना सम्बन्धि तालिमहरु, वातावरणीय सरसफाई सम्बन्धि तालिम, रक्तदान कार्यक्रम, कृषि तालिमहरु, कानुनी परामर्श तालिम आदि रहेको छ । यी तालिमहरु विभिन्न वडा, नगरस्तरिय र संघ संस्थासँग सहकार्य गरि गर्ने गरिन्छ । जसबाट घरमा फुर्सदमा बसिरहेका महिलाहरुलाई केहि आर्थिक उपार्जन गर्न र सिप, विकास गर्नको निम्ति यि कार्यक्रमहरु अति नै प्रभावकारी रहेको छ ।

### ७. हिसाब मिलान तथा लेखा परिक्षण

जनशक्ति टोल आमा समूहले आफ्नो प्रत्येक वर्षको साधारण सभामा वर्षभरिको गरिएको कार्यक्रमको प्रतिवेदन भेलामा प्रस्तुत गर्दछ तथा वर्ष भरीको आम्दानी र खर्च विवरणको स्रोतहरु खुलायर लेखापरिक्षकलाई हिसाब मिलान गराइ प्रस्तुत गर्ने गरिन्छ ।

### ८. पिकनिक कार्यक्रम र हिसाब मिलान

जनशक्ति टोल आमा समूहले प्रत्येक वर्षको अन्तिम महिनामा पिकनिक कार्यक्रमको आयोजना गर्ने गर्दछ ।

# अध्याय : तीन

# अनुसन्धानको विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १५ मा नयाँ गाउँ स्थित जनशक्ति टोल आमा समूहका महिलाहरुद्धारा संगाठित भएको त्यस क्षेत्रमा बसोबास गरिरहेका महिलाहरुले सामाजिक र आर्थिक रुपमा समाजमा प्रभाव पारेको सक्रिय रुपमा लागिरहेको आमा समूह हो । अध्ययन क्रममा लिइएको क्षेत्रमा जनशक्ति टोल आमा समूहका गतिविधिहरुको फलस्वरुप निकै राम्रा र रचनात्मक कामहरु भइरहेको छन् जस्तै मन्दिर निर्माण गर्ने, जेष्ठ नागरिक मिलन केन्द्र र्निमाण, सीपमूलक तालिम जस्तै मैन बत्ती, धुप, मुढा आदि बनाउने तालिम दिने, प्रौढ शिक्षा सञ्चालन, टोल वरिपरि सरसफाई, एकतर्फी पार्किङ्ग गर्ने, मासिक बचत कार्यक्रम, आमा समूह कोष बृद्धिको लागि दशैमा भैलो कार्यक्रम, बिवाह र मरण परेको घरमा सहायताको लागि निश्चित रकम उठाउने चलन, महिला तथा बाल स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम चलाउने, लगायतका रचनात्मक एवं जीवनोपयोगी कार्यहरु गरेर महिलाहरुलाई सशक्त बन्न प्रेरित गरिरहेका छन् । विगतमा महिलाहरुको सामाजिक आर्थिक सशक्तीकरणमा जनशक्ति टोल आमा समूहले गरेका गतिविधिहरुलाई अन्वेषण गरी वास्तविकता उजागार गर्नका लागि अध्ययन क्षेत्रका रुपमा छनौट गरिएको हो ।

आमा समूहले महिलाहरुको सशक्तीकरणमा पारेको योगदान समाजमा प्रष्ट रुपमा देखिन नसकेको अवस्थामा त्यसलाई उजागर गरिनु पर्दछ । टोलमा रहेका महिलाहरुको पुरुषहरुको बीचमा देखिएको समन्वय यहाँ एउटा उदाहरणको रुपमा देख्न सकिन्छ । यसरी टोलका पुरुषहरुले महिलाहरुको सामाजिक, आर्थिक सशक्तीकरणमा खेलेको भूमिकालाई प्रष्ट पार्न पनि यो क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

सांगठनिक रुपले आबद्ध महिलाहरुको सामाजिक विकास र तथा आर्थिक सशक्तीकरणको बारेमा अध्ययन गर्नु हो अध्ययनको प्रमुख उदेश्य हो । जनशक्ति टोल आमा समूहको

सशक्तिकरणको अवस्था र आमा समूहले गरेको गतिविधिहरुको विश्लेषण गर्नका लागि वर्णनात्मक र अन्वेषणात्मक ढाँचा अपनाइएको छ । आमा समूहको गठन र कार्यहरुको बारेमा अध्ययनको लागि वर्णनात्मक ढाँचा प्रयोग गरिएको छ भने सामाजिक र आर्थिक सशक्तीकरणमा महिलाहरुको भूमिका खोज्नको लागि अन्वेषणात्मक ढाँचा प्रयोग गरिएको छ । अध्ययनका क्रममा कुनै विशिष्ट परिकल्पना र कुनै परिवर्त्यहरु लिइएको छैन ।

## ३.३ अध्ययनको समग्रता र अध्ययन ईकाई

अध्ययनको लागि अध्ययन क्षेत्र कास्की जिल्लाको पोखरा महानगरपालिकाको वडा नं. १५ मा अवस्थीत जनशाक्तिटोल रहेको छ । उदेश्यमूलक नमुना छनौट अन्तर्गत वडा नं. १५ जनशाक्ति टोलमा रहेका ६२ घरमध्ये एक जना सदस्य अविवाहित हुनुहुन्छ । घरको सम्पुर्ण जिम्मेवारी उठाउने व्यक्ति भएकोले अविवाहित भएपनि ६२ जना घरबाट एक-एक जना महिलालाई उत्तरदाताको रुपमा छनौट गरी उनीहरुबाट नै आवश्यक सुचना संकलन गरिएको छ । समग्रैमा ६२ घर धुरी भएकोले ६२ जना नै उत्तरदाताको रुपमा लिइएको छ । सुचना संकलनमा जनगणना विधि अवलम्बन गरिएको छ । अध्ययनका लागि मुख्य सूचनादाताका रुपमा स्थानिय नेता, शिक्षक र सामाजिक कार्यकर्ताहरुलाई पनि लिइएको छ । यो उदेश्यमूलक अनुसन्धान ढाँचामा आधारित रहेको छ ।

## ३.४ तथ्याङ्कको संकलनका विधिहरु

अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न किसिमका तथ्याङ्कका संकलन विधिहरु अवलम्बन गरिनु पर्दछ । यसमा प्राथमिक र द्धितिय स्रोतलाई आधार मानिएको छ । प्राथमिक तथ्याङ्क अन्तर्गत, सर्वेक्षण, छलफल गरी सूचना संकलन गरिएको छ । द्धितिय तथ्यांकमा प्रकाशित अप्रकाशित शोधपत्र,जर्नल, पत्र-पत्रिका, बुक, वेबसाइट बाट सूचना संकलन गरिएको छ ।

### क) अन्तर्वाता

अन्तर्वातामा आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कहरु संकलन गर्ने गरी वैज्ञानिक तरिकाको प्रश्नहरु तयार पारिएको छ । अनुसन्धानको प्रकृति अनुसार खुल्ला र बन्द दुवै खालको तथ्याङ्कहरु लिन सक्ने गरी गरिएको छ ।

### ख) अवलोकन

अवलोकन विधिमा अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा सहभागी भई कार्य क्षेत्रका आमा समूहका महिलाहरुलाई अवलोकन गर्ने प्रयास गरिएको छ । महिलाहरुको क्रियाकलाप, महिला शसशक्तिकरण, गतिविधिहरु र शैक्षिक क्रियाकलाप र घरको अवस्था र छरछिमेकसँगको उनीहरूको सम्बन्धको बारेमा यर्थाथ प्राथमिक तथ्याङ्क संकलन गर्ने प्रयास गरिएको छ ।

### ग) समूहगत छलफल

अध्ययन क्षेत्रमा भएका महिलाहरुको आमा समूहले गर्ने विभिन्न क्रियाकलापहरुका साथै उनीहरुको नियमित बैठकहरुमा सहभागी भई समूहगत तथा कार्यकारिणी समतिका पदाधिकारीहरुसँग समेत छलफल गरिएको छ ।

### घ) वैयक्तिक अध्ययन

आमा समूहमा आबद्ध सदस्य महिलाहरु मध्ये २ जना सदस्यहरुको वैयक्तिक अध्ययन गरिएको छ । ती सदस्यहरुको आफ्नै शब्दमा आमा समूहमा आबद्ध हुनु अघिदेखि र पछिसम्मको अनुभव प्रस्तुत गरिएको छ । यस अध्ययनले आमा समूहले गरेका काम कार्बाहीहरुको गतिविधिलाई सुक्ष्म अध्ययन गर्न साथै अध्ययनको वैधता र विश्वसनियता कायम गराउन मदत गरेको छ ।

## ३.५ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

तथ्याङ्क संकलन गुणात्मक र संरचनात्मक रुपले आवश्यकता अनुसार वर्णानात्मक र अन्वेषणात्मक रुपमा विश्लेषण गर्ने र सामान्यतया प्राप्त तथ्याङ्कहरुलाई तालिकीकरण र वृत्तचित्रको माध्यमबाट तथ्याङ्क विश्लेषण गर्ने साथै आवश्यकता अनुसार तथ्याङ्कको व्याख्या र विश्लेषण पनि गरिएको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्र र उत्तरदाताहरुको परिचय

## ४.१ अध्ययन क्षेत्रको परिचय

गण्डकी प्रदेश अर्न्तगत कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १५, नयाँगाँउमा अवस्थित २८ डिग्री ११ मिनेट देखि २९ डिग्री ६ मिनेट उत्तर देशान्तर र ८३ डिग्री ५९ मिनेट पूर्व अक्षांशमा देशान्तरमा अवस्थित छ । गर्मी महिनामा २६ देखि ३० डिग्री तापक्रम र जाडो महिनामा १५ देखि २० डिग्री तापक्रम हुने गर्छ । जनशक्ति टोलमा ६२ जना घरपरिवारहरुको बसोबास रहि आएको छ । यस जनशक्ति टोल आमा समुहको सदस्यहरुको परिचय र विस्तृत विवरण बुँदागत रुपमा गरिएको छ ।

**कास्की जिल्लाको नक्शा**




**पोखरा महानगरपालिका वडा नं. १५ को नक्शा**



## ४.२ उत्तरदाताहरुको जनसांख्यिक, सामाजिक र आर्थिक विशेषता

समाजको पहिचानलाई निश्चित गर्ने निर्णायक कारक तत्वका रुपमा आर्थिक तत्वलाई लिइन्छ । जनशक्ति टोल आमा समूहले संस्थामा आबद्ध महिलाहरुको जीविकोपार्जनमा सघाउ पुऱ्याउन बचत संकलन, ऋण लगानी एवम् महिला गतिविधि लगायत समसामायिक चेतनामूलक तालिमहरु जस्तै तरकारी खेती, पशुपालन, मैनबत्ती बनाउने जस्ता तालिमबाट व्यक्तिको आय आर्जनमा सहयोग पुगेको छ । जनशक्ति टोल आमा समूहमा आबद्ध महिलाहरुमा केही उद्यम गर्नुपर्दछ भन्ने भावनाको विकास भई सदस्यहरुको संभावित व्यवसायहरु जस्तै तरकारी खेती, पशुपालन, किनारा पसल स्थापना हुने क्रम बढेको छ । उमेर जनसंख्याको एक महत्वपूर्ण आधार हो । उमेरकै आधारमा सामाजिक हैसियत निर्धारण हुने गर्दछ । व्यक्तिको काम गर्ने समय, कामको प्रकार र निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेर जैविकीय आधारमा निर्धारण हुने हुँदा यो निश्चित प्रकारको हुन्छ । उमेर अनुसार नै आश्रित र कार्यवाहक गरी जनसंख्यालाई विश्लेषण गरिन्छ । सामाजिक अधिकार सामाजिक महत्व सामाजिक दायित्व, कर्तव्य र भूमिका आदि सन्दर्भमा समाजमा उमेरले प्रत्यक्ष असर पारेको हुन्छ । अध्ययनमा विभिन्न उमेर समूहका महिलाहरुको संलग्नता रहेको पाइन्छ । तालिका नं. ४.१ मा उत्तरदाताहरुको उमेरको विविधतालाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ : उत्तरदाताहरुको उमेर विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| २१ देखि ३० वर्ष | १५ | २४.२० |
| ३१ देखि ४० वर्ष | १६ | २५.८० |
| ४१ देखि ५० वर्ष | २१ | ३३.८८ |
| ५१ वर्ष देखि माथि | १० | १६.१२ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ४.१ मा उमेरको आधारमा उत्तरदाताहरुको संरचनालाई प्रस्तुत गरिएको छ । अध्ययन अनुसार ६२ जना उत्तरदाताहरु मध्ये २१-३० वर्ष सम्मको उत्तरदाता संख्या १५ जना वा २४.२० प्रतिशत रहेको छ भने ३१-४० वर्ष सम्मको उत्तरदाता संख्या १६ जना वा

२५.८० प्रतिशत, ४१-५० वर्ष सम्मको उत्तरदाता संख्या २१ जना वा ३३.८८ प्रतिशत, ५१ वर्ष भन्दा माथिको उत्तरदाता संख्या १० जना वा १६.१२ प्रतिशत प्रतिशत रहेको छ ।

### ४.२.१ जातको आधारमा उत्तरदाताको विभाजन

जातियता पनि जनसंख्याको अर्को महत्वपूर्ण विशेषता हो । समुदायमा जातका आधारमा पेशा, सामाजिक सम्बन्ध, हैसियत र भूमिका निर्धारण भएको हुन्छ । यस अध्ययन क्षेत्रमा विभिन्न जात र जातिको संलग्नता रहेको पाइन्छ । तालिका नं. ४.२ मा उत्तरदाताको जातियताको विवरणलाई प्रस्तुत गरिएको छ ।

**तलिका ४.२ : उत्तरदाताहरुको जातियता विवरण**

| जात | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | २० | ३२.२५ |
| क्षेत्री | ४ | ६.४६ |
| जनजाती | २८ | ४५.१७ |
| दलित | १० | १६.१२ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ४.२ मा प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गर्दा उत्तरदाताको संख्यामा ब्राह्मण र जनजातीको बाहुल्यता रहेको पाइयो । ब्राह्मणको संलग्नतामा २० जना वा ३२.२५ प्रतिश, क्षेत्री ४ जना वा ६.४६ प्रतिशत, जनजाती २८ जना वा ४५.१७ प्रतिशत र दलित १० जना जा १६.१२ प्रतिशत पाइयो । यसबाट के थाहा पाउन सकिन्छ भने यस क्षेत्रमा मिश्रित बसोबास तर ब्राह्मण र जनजातीको बाहुल्यता रहेको पाइयो ।

### ४.२.२ धर्मको आधारमा उत्तरदाताको विभाजन

धर्म भन्नाले अलौकिक शक्तिमा विश्वास गर्ने हो । मानवको जीवनमा विभिन्न उदेश्यको पूर्ति गर्न चाहन्छ तर आफूलले त्यसको पूर्ति गर्न नसकेपछि आफ्नो महा उच्च शक्ति अथवा अदृश्य शक्तिको उपासन गर्दछ । मानव धर्म समाजको सार्वभौमिक तथा सामूदायिक संस्था भएको हुँदा यसले मानवको विश्वास एवम् क्रिया दुवैलाई निर्धारण गरेको हुन्छ धर्मले मानव समाजको सामाजिक राजनैतिक आर्थिक जीवनलाई प्रभावित गर्दछ भन्ने विश्वासमा

संरचनात्मक अवधारणाहरु पाइन्छ भने मार्क्सवादीले धर्मले धर्मलाई मन्द विषको रुपमा पनि लिइएको पाइन्छ । नेपाल विभिन्न धर्मालम्बीहरुको पवित्र बासस्थानको रुपमा रहेको छ । जनशक्ति टोल आमा समूहमा भने अन्य धर्म भन्दा हिन्दु धर्मालम्बीहरुको संलग्नता पाइन्छ । तालिका नं. ४.३ मा उत्तरदाताको धर्मको विविधतालाई प्रस्तुत गरिएको छ ।

| धर्म | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| हिन्दु | ४७ | ७५.८० |
| बौद्ध | १० | १६.१२ |
| इसाइ | ५ | ८.०८ |
| **जम्मा** | **६२** | **१००** |

**तालिका ४.३ : उत्तरदाताहरुको धर्म**

स्रोतः स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका नं. ४.३ अनुसार उत्तरदाताहरुको धर्मको आधारमा हिन्दु धर्म ४७ जना वा ७५.८० प्रतिशत, बौद्ध धर्म १० जना वा १६.१२ प्रतिशत, इसाइ धर्म ५ जना वा ८.०८ प्रतिशत पाइयो । यस क्षेत्रमा मिश्रित धर्मको बसोबास भएतापनि तर हिन्दु धर्मको बाहुल्यता बढी रहेको पाइयो ।

## ४.३ पेशाको आधारमा उत्तरदाताको विभाजन

पेशा मानिसको जीवन जीउने आधार हो । आफ्नो र परिवारको आधारभुत आवश्यकताहरु पूरा गर्नको लागि मानिसहरु विभिन्न पेशामा आवद्ध भएका हुन्छन् । पेशाले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । यही पेशाको आधारमा नै महिलाहरुको सामाजिक आर्थिक अवस्थामा विविधता ल्याउने गर्दछ । तालिका ४.४ मा उत्तरदाताहरुको मुख्य पेशाहरुलाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : उत्तरदाताको पेशागत विवरण**

| मुख्य पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २ | ३.२३ |
| नोकरी | २२ | ३५.४८ |
| व्यापार | ८ | १२.९० |
| गृहिणी | ३० | ४८.३९ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ४.४ मा प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गर्दा कृषि गर्ने २ जना वा ३.२३ प्रतिशत, नोकरी गर्ने २२ जना वा ३५.४८ प्रतिशत, व्यापार गर्ने ८ जना वा १२.९० प्रतिशत र गृहिणी ३० जना वा ४८.३९ प्रतिशत पाइयो । महिलाहरु बढी घरको कार्यमा संलग्न रहेको र नोकरीमा पनि प्रवेश गरेको र अरु क्षेत्रमा पनि प्रवेश गर्दै आएको पाइयो । घरको कार्यमा मात्रै संलग्न नरही बैक र अन्य संस्थामा नोकरी पेशामा पनि संलग्न भएको हुनाले महिलाहरुमा पनि चेतनाको स्तर बढेको पाइयो ।

### ४.३.१ उत्तरदाताको संस्थामा बचत

पितृसत्तात्मक समाजमा परिवारमा सम्पत्तिको मालिकको रुपमा पुरुषलाई लिने भएकोले यस समूहमा आबद्ध भई प्रत्येक महिना रु. १०० संकलन गर्दै आएका उत्तरदाताहरुलाई संकलन गर्न आवश्यक रकम कहाँबाट जुटाउनु हुन्छ भनी प्रश्न गर्दा उत्तरदाताहरुले दिएको उत्तरको विवरण तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ : बचतको स्रोत**

| बचत गर्ने व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान् | ४४ | ७०.९७ |
| आफै | १० | १६.१३ |
| परिवारको अन्य सदस्य | ८ | १२.९० |

| | | |
|---|---|---|
| **जम्मा** | **६२** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ४.५ अनुसार श्रीमान्को भरमा बचत गर्नेको संख्या ४४ जना वा ७०.९७ प्रतिशत, आफैले बचत गर्ने १० जना वा १६.१३ प्रतिशत र परिवारको अन्य सदस्यमा भर पर्नेमा ८ जना वा १२.९० प्रतिशत रहेको पाइयो ।

### ४.३.२ मासिक खर्चको आधारमा उत्तरदाताको विभाजन

जनशक्ति टोल आमा समूहमा आवद्ध भएका महिलाहरुको मासिक खर्च आधारभूत आवश्यकताहरु जस्तै खाना खर्च, बालबालिकको शिक्षा, लत्ता कपडा पाहुना स्वागत र घुमफिरमा हुने खर्चलाई तालिका नं. ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६: मासिक खर्च विवरण**

| मासिक औसत खर्च | संख्या | प्रतिशत |
|---|---|---|
| रु. १० देखि २५ हजार सम्म | ३० | ४८.३९ |
| रु. २६ देखि ३५ हजार सम्म | २५ | ४०.३२ |
| रु. ३६ देखि ४५ हजार सम्म | ७ | ११.२९ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ४.६ मा यस समूहमा आबद्ध ४८.३९ प्रतिशत १० देखि २५ हजार, ४०.३२ प्रतिशत २६ देखि ३५ हजारमा, ११.२९ प्रतिशत ३६ देखि ४५ हजार र  ११.२९ प्रतिशतले मासिक औसत खर्च हुने जानकारी दिइएको पाइयो । यसबाट के बुझ्न सकिन्छ भने १० देखि २५ हजार औसत खर्च हुने परिवारको संख्या सबैभन्दा बढी देखियो ।

### ४.३.३ समूहको आम्दानी स्रोत

समाजमा आर्थिक तथा सामाजिक पक्षहरुका बीचमा अन्तर सम्बन्ध कायम रहेको हुन्छ । आर्थिक विकासमा सामाजिक पक्षले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ भने सामाजिक पक्षले पनि आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । सामाजिक, साँस्कृतिक पक्षमा परिवर्तन ल्याउन आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । कार्लमार्क्सका अनुसार प्रत्येक समाज एवम् समूहको व्यवस्थाको आर्थिक स्वरुपलाई मान्दछ । अर्थव्यवस्थालाई नै

समाजको प्रमुख आधार भएकोले आर्थिक संरचनाका परिवर्तन आएपछि मात्र समग्र सामाजिक व्यवस्थामा परिवर्तन आउँछ भन्ने रहेको छ । आम्दानीको स्रोतहरुमा चन्दा संकलन, साँस्कृतिक कार्यक्रम र नियमित बचत रहेका छन् ।

### **४.३.४ संस्थाको बचत परिचालन**

संस्थाको बचत परिचालन भन्नाले आमा समूहमा रहेका सदस्यहरुबाट उठाइने निश्चित रकमलाई संस्थामा बचत गरी सामाजिक कार्यहरुमा परिचालन गर्ने भन्ने बुझिन्छ । कुनै पनि उदेश्य नलिई मानिसले यतिकै ऋण लिन चाहदैन । विना योजना पनि ऋण लिदैनन् । मानिसको आवश्यकताहरु फरक-फरक हुन्छन् । ती आवश्यकताहरु र उदेश्यहरु पूरा गर्नको लागि ऋण लिएको हुन्छ । समूहबाट कुन उदेश्यको लागि ऋण लिनु भएको भनि प्रश्न गर्दा उत्तरदाताहरुबाट आएको उत्तरको विवरण तल तालिका प्रस्तुत गरिएको छ ।

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| कर्जा लिने | १७ | २७.४२ |
| कर्जा नलिने | ४५ | ७२.५८ |
| **जम्मा** | **६२** | **१००** |

**तालिका ४.७ : कर्जा लिने र नलिने उत्तरदाताहरुको विवरण**

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ४.७ अनुसार अध्ययन गरिएका उत्तरदाताहरुले कर्जा लिने र नलिने विवरणलाई हेर्दा कर्जा लिने भन्दा कर्जा नलिनेको बाहुल्यता पाइयो । कर्जा नलिने उत्तरदाताहरु ७२.५८ प्रतिशत रहेको पाइयो भने विभिन्न उदेश्य लिएर कर्जा लिने उत्तरदाताहरु २७.४२ प्रतिशत रहेको पाइयो । उनीहरुले कर्जा लिइसके पछिको विवरण हेर्दा उत्तरदाता महिलाहरु घरायसी खर्चमा लगानी, बालबच्चाको पढाई खर्च र खेतीपातीको लगानी गरेको लगानी गरेको पाइयो । यसबाट के प्रष्ट हुन आउँछ भने मानिसहरुले आफ्ना घरायसी आवश्यकताहरुलाई पूरा गर्ने साथै व्यापार व्यवसायमा पनि अग्रसर भएको पाइयो । यसरी उत्तरदाताहरु आत्मनिर्भर हुँदै आएको पाइयो साथै आफनै नोकरीको भरमै आम्दानी अनुसारको खर्च गरेको कर्जा नलिकन पनि आफ्नो परिवार चलाएको पाइयो ।

## ४.४ शिक्षाको आधारमा उत्तरदातको विवरण

शिक्षा नै मानव जीवनको मुख्य आधार हो । जसले जीवनका कतिपय कठिनाई पार लगाउँछ । शिक्षा नै उज्यालोको संकेत मानिन्छ । शिक्षाले महिलाको सामाजिक र आर्थिक स्थितिमा सुधार ल्याउँछ । महिलाको शैक्षिक स्थितिले मानवको सम्पूर्ण पक्षमा महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षाले महिलालाई सशक्तीकरणतिर लैजान्छ साथै ज्ञान, क्षमता, आत्मविश्वास जस्ता कुराहरुको वृद्धि विकास भएमा मात्र महिलाहरु विकास प्रक्रियामा सहभागी हुन सक्छन् । हरेक मानवीय व्यवहारको उद्भव उसको ज्ञान र शिक्षामा आधारित हुन्छ । जुन व्यक्ति, परिवार र समाज शिक्षित छ, त्यस परिवार र समाजमा मानवीय मूल्य मान्यता र नैतिकताका विरुद्धमा कार्य र व्यवहारहरु हुने सम्भावना कम रहन्छ । नेपाली समाजको सन्दर्भमा विवाहित महिलाले शिक्षालाई अगाडि बढाउने मौका कम पाउँछन् । विवाहित महिलाले धेरै नै सामाजिक र आर्थिक बोझ व्यवधानहरुको सामना बावजुत पनि आफनो शिक्षालाई अगाडि बढाईरहेको तर पनि आर्थिक अभाव र सानो उमेरमा विवाह हुनुको कारणले आफ्नो व्यक्तित्व निर्माणमा असर महिलाहरु विभिन्न प्रकारका तालिम, गोष्ठि, सेमिनार, बैठक, भेला आदिमा सहभागी हुनुका साथै अर्थोपार्जनमा समेत सरिक भई केही रकम समेत आर्जन गर्न सक्ने अवस्थामा पुगेकोले छोराछोरी र अझ मुख्यतया छोरीलाई पनि समान अवसर र शिक्षा दिनुपर्छ भन्ने कुरामा महिलाहरु सचेत देखिएको पाइन्छ । जनशक्ति टोल आमा समूहका शिक्षित महिलाहरु पहिचान गर्नको निम्ति तालिका नं. ४.८ मा उत्तरदाताहरुको शैक्षिक स्थिति स्पष्ट पारिएको छ ।

**तालिका ४.८ : उत्तरदाताहरुको शैक्षिक स्थितिको विवरण**

| शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ८ | १२.९३ |
| १ देखि ५ कक्षा सम्म | ९ | १४.५१ |
| ६ देखि १० कक्षा सम्म | १० | १६.१२ |
| एस.एल.सी.पास | १० | १६.१२ |


| | | |
|---|---|---|
| +२ वा सो भन्दा माथि | २५ | ४०.३२ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका ४.८ अनुसार, कुल ६२ जना उत्तरदाता महिलाहरु मध्ये १२.९३ प्रतिशत निरक्षर, १ देखि ५ सम्म १४.५१ प्रतिशत, ६ देखि १० सम्मका १६.१२ प्रतिशत, एस.एल.सी. पास भएका १६.१२ प्रतिशत र +२ वा सो भन्दा माथि ४०.३२ प्रतिशत महिलाहरु रहेको देखिन्छ । यस सर्वेक्षणमा प्राय महिलाहरु साक्षर नै देखिएका छन् ।

## ४.५ परिवारिक संरचनाको आधारमा उत्तरदाताको विवरण

प्रत्येक व्यक्ति परिवारमा बस्दछन् परिवार नै प्रत्येक व्यक्तिको पाठशाला हो । परिवारको माध्यमबाट नै व्यक्तिले आफ्नो व्यक्तित्व निर्माण गर्दछ । परिवारबाट व्यक्तिले मायाममता सुरक्षा प्रदान गर्दछ । परिवारको संरचनाले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा प्रत्यक्ष परोक्ष प्रभाव पारेको हुन्छ । सासु, ससुरा, श्रीमान्, श्रीमती र तिनका बच्चा, देवर, जेठाजु, नन्द, अमाजु सबै एकै ठाउँमा भएको परिवारलाई संयुक्त परिवार तथा श्रीमान् श्रीमती र उनीहरुको बच्चा मात्र भएको परिवारलाई एकात्मक परिवार भनिन्छ । चित्र ४.१ ले अध्ययन क्षेत्रका महिलाको अवस्था जनाउँछ ।




**चित्र ४.१ : परिवार संरचनाको अवस्था**

वृत्तचित्र ४.१ अनुसार कुल ६२ जना उत्तरदाता महिलाहरु मध्ये ६० प्रतिशत एकल परिवार र ४० प्रतिशत संयूक्त परिवारमा रहेका देखिन्छ । जसमा एकल परिवार हुने उत्तरदाताहरु बढी देखिन्छ ।

## ४.६ सामाजिक कार्यहरु

यस समूहले आफ्नो समूहमा मात्र सीमित क्रियाकलाप गरेका छैन कि यसले धेरै सामाजिक कार्यहरु गरेका छन् । जनशक्ति टोल आमा समूहको पहलबाट सामुदायिक टोल भवन निमार्ण, गणेश मूर्ति मन्दिरको निर्माण, समाजलाई सफा र स्वच्छ राख्नको लागि जथाभावी पार्किङ्ग गर्न नदिने, हरेक महिना टोल सरसफाई गर्ने र ठाँउ ठाँउमा फोहोर मलाई लेखेको डस्टबीन राख्ने र मन्दिर आदिमा सफा गर्दै आएको र समाजमा तास, जुवा खेलेर रक्सी खाएर समाजलाई नै दुर्गन्धित बनाउने व्यक्तिहरुलाई पनि सल्लाह दिएर हुन्छ कि सजाय दिएर हुन्छ त्यस लतबाट छुटाउने कोशिस भइरहेको छ । स्वास्थ्य सम्बन्धि जनचेतना फैलाउने जस्ता कार्यहरु र निःशुल्क स्वास्थ्य शिविर चलाउने कार्यक्रम पनि गरिरहेको छ साथै गणेश महापुराण कार्यक्रम पनि यस समूहले दिलो ज्यान लगााएर कार्य गर्ने गरेको पाईयो । समूहमा आबद्ध  महिलाहरु आर्थिक, सामाजिक कार्यका साथ चेतना मूलक कार्यमा र धार्मिक कार्यमा पनि अगाडि रहेका र सामाजिक समस्याहरु समाधान गर्न पनि सक्षम भएका रहेछन् । अध्ययनमा आमा समूहमा सक्रिय रुपमा लागिरहेको जनशक्ति आमा समूहको संस्थापकको वैयक्तिक अध्ययन १ मा प्रस्तुत गरिएको छ ।

**वैयक्तिक अध्ययन - १**

*पोखरा महानगरपालिका वडा नं. १५ बस्ने ५८ वर्षका हितकुमारी कार्की (नाम परिवर्तन) जनशक्ति टोल आमा समूहको संस्थापक हुँ । मेरा ३ छोरा बुहारीहरु ४ वटा नातानातिनीहरु छन र एकजना सासु पनि हुनुहुन्छ । म ३७ वर्षको हुदाँ मेरो श्रीमान वित्नु भयो । मेरो श्रीमानको मृत्यु पश्चात मेरो छोराहरुको लालनपालन, शिक्षाको लागि मैले धेरै दु:खका साथ आफूले जानेको सिप र क्षमता अनुसारको कामहरु गरे । म निरक्षर भएपनि मेरो छोराहरुको शिक्षामा कुनै कमी हुन दिइन । अहिले मेरा छोराहरु सबै स्नाकोत्तर तह पास छन् । पोखरा आएपछि यस जनशक्ति टोलमा आमा समूह थिएन आमा समूह निमार्ण गर्नुपर्छ भनी टोलका*

*सम्पूर्ण महिलाहरुलाई जागरण गराई भेला बैठक बसी निमार्ण गरी म अध्यक्ष बनेको १५ दिनमै २०७१ सालमा ११ जनाको समिति र ९ जना पुरुषहरु सल्लाहकार राखेर तल्लो जनशक्ति टोल आमा समूह भनी  जिल्ला प्रशासन कार्यलयमा दर्ता गरियो । आमा समूह निमार्ण गर्न धेरै बाधा र कठिनाईहरु आइपरे पनि महिलाहरुलाई शसक्तिकरण गर्न हामी सधैं अगाडि बढिरहयौ । आमाले बालबच्चा ततेरे झैं समुदायका महिलाहरुलाई एक ढिक्को बनाई एकताको मालामा उन्ने काम गरयौ । ताकि कुनै कार्यक्रममा सहभागी हुदाँ सबैले चिन्न सकोस र पहिचान हुन सकोस भनी हामीले समूहको ड्रेस पनि बनायौ । शुरुको समयमा टोलमा धेरै फोहोर भई रहेको अवस्थामा हरेक महिनाको पहिलो शनिवार घर वरिपरि र टोलको  सरसफाई अभियान चलाउन थाल्यौ । जो अहिलेसम्म चलिरहेको छ । र आकाशबाट बर्षने पानीको निकाश नभएकोले सबैजना मिलि पैसा उठाएर यसको पनि समाधान गरयौ । बाटोको पनि धेरै असुविधा भएकोले यसको पहलको लागि हामीले राजनितिक व्यक्तिहरुलाई पनि हार गुहार गरी भिरालो बाटो सम्म पारी हिडन सजिलो बनायौ । आमा समूहको लागि भनेर कुर्ची, भाडाकुँडा पनि राजनितिक पार्टीका व्यक्तिहरुसँग माग गरी जुटायौ साथै स्पीकर पनि खरिद गरियो । शुरुमा ३३ घर थियौमा र रु.२० को दरले कोष खडा गर्नको लागि जम्मा गरियो । भैलो खेल्ने, लाहुरे आएको घरमा स्वागतको लागि आमा टोली गएर नाचगान गर्ने, विवाहमा जन्तीको बाटो छेक्ने चलन गरी कोषमा बचत गर्ने र जम्मा भएको रकम आवश्यकतामा परेका महिलाहरुलाई थोरै व्याजको रुपमा निश्चित समयको लागि चलाउन दिई कोषको बृद्धि र व्यवस्थापन गर्ने गरी मेरो ५ वर्षको कार्यकालमा रु.३,८०,०००/- कोषमा बचत गरेर अर्को समिति खडा गरी मैले विदा लिए । तर पनि त्यो बेलाको जोस र जाँगर आजसम्म पनि   छदैंछ । अब पनि म जिम्मेवारी लिएर गर्न सक्छ भन्ने आँट र हिम्मत आउँछ । तर जिम्मेवारी भन्ने कुरा अरुलाई हस्तान्तरण गर्ने कुरा हो सबैले बन्ने र सिक्ने मौका पाउनु पर्दछ । सामाजिक र पारिवारिक कुचलन र कुसंस्कतिलाई हटाउने कार्य पनि गरियो । आफनो जन्म दिने आमालाई केही रेखदेख नगर्ने, वास्ता नगर्ने, हेला गरी घरको पुछारमा राख्ने र आफू महलमा बस्ने व्यक्तिलाई पनि आमा समूह गई रामो सँग सम्झाई बुझाई वास्ता गर्ने र आमाले रोजेको कोठामा बस्न दिने शर्तमा आमाको हक दिलाइयो । यसरी हेला हेपाइको विरुद्ध पनि आवाज उठाउने कार्य गरियो । यस्तै गरी २०७२ सालको भुकम्प पिडितलाई मणिपाल अस्पतालमा गई खाना खुवाउने कार्य पनि गरियो । वडाले राखेको नेतृत्व सम्बन्भी तालिममा सहभागी भयौ । वडा*

स्तरीय त्यस्तै नाचगानमा पनि सहभागी भई पुरस्कार र प्रमाणपत्र पनि प्राप्त गरियो । कनै परिवारको सदस्य बितेको अवस्थामा रु.३०० उठाएर लगभग १८००० जम्मा गरी भेटघाट गर्ने र नगदै दिने चलन पनि शुरुवात गरियो । ताकि त्यो परिवारको दुःखको घडीमा आमा समूह पनि साथमै छ भन्ने अनुभति दिलाउनको निम्ति हामीले गरयौ । टोल भवनमा गणेश शिव पार्वतीको मूर्ति पनि स्थापना गर्ने काम गरियो । हालसम्म आमा समूह २०७८ साल सम्म आइपुग्दा ९ वटा साधारण सभा र ५ वटा अधिवेसन सकिसकेको छ । अहिले आमा समूह साथै परिवारमा मेरो छोरा बुहारीहरुलाई पनि सामाजिक कार्यमा लाग्न प्रेरणा दिइरहेको छु । हाल यस आमा समूहको निर्वतमान अध्यक्ष मेरो जेठी बुहारी छिन् । समाजमा मेरो काम र अनुभवका कारण अहिले परिवारका सदस्यहरुले र समाजले म प्रति गर्ने व्यवहारमा पनि परिवर्तन आएको छ । अनि जसले सामाजिक कार्यमा विरोध गर्छ, उसैलाई जिम्मेवारी दिनुपर्छ अनि उसले जिम्मेवारी बुझ्छ र बोली पनि बन्द हुन्छ भन्ने पाठ पनि मैले सिकेको छु । जुनसुकै कामलाई निरन्तरता दिन सके अवश्य सफल भइन्छ र विरोध गरेर भन्दा विकास गरेर जित्न सकिने भन्ने पाठ मैले आफ्नो अनुभवबाट सिकेको छु । मैले सधै समूहमा निरन्तर आबद्ध भई अरु सदस्यहरुलाई प्रेरणा, हौसला र सहयोग दिइरहेको छु ।

# अध्याय : पाँच

# आमा समूह र सामाजिक गतिविधि

पितृसत्तात्मक समाजमा विद्यमान सामाजिक विसंगति र विकृतिहरुको अन्त गर्दै महिलाहरु पनि सामाजिक कार्यमा अगाडि बढ्नु पर्छ भन्ने समाजका पुरुषहरुबाट हौसला पाई उनीहरुको सामाजिक, आर्थिक एवम् शैक्षिक स्तर माथि पुऱ्याउँदै जाने लक्ष्य र उदेश्यका साथ जनशक्ति आमा समूहको स्थापना भएको पाइन्छ । आमा समूहका गतिविधिहरुले उनीहरुको समाज सुधार र महिला सशक्तीकरणमा पारेको प्रभावलाई निम्न अनुसार व्याख्या क्रमैसँग व्याख्या गर्न सकिन्छ ।

## ५.१ सामुदायिक विकास निमार्णमा आमा समूहको सहयोग

२०७१ सालमा स्थापित यो आमा समूहले छोटो समयमा नै सामाजिक रुपमा समाजमा रहेका विभिन्न खालका विकृतिहरुको अन्त्य गर्न सफल भै उत्साहित भएका महिलाहरु आफ्नो समाजमा विभिन्न एकबद्ध भएर जुट्ने निर्णयमा पुगे । सामाजिक निर्माणमा जुट्नको लागि पनि आर्थिक पक्षको महत्वपूर्ण भूमिका रहने भएकाले उनीहरु अर्थ संकलन कसरी गर्न सकिन्छ भन्ने अभियान तर्फ लाग्न थाले । आफूले मासिक रुपमा संकलन गरेको बचतबाट गरिएको ऋण लगानीको ब्याजलाई उनीहरुले समाज निर्माणमा लगाउने निर्णय गरे तर यो रकम पनि ज्यादै न्यून थियो ।

त्यसैले उनीहरुले गाउँमा विभिन्न सामाजिक कामहरु जस्तै ब्रतबन्ध, विवाह, चन्दा, समूहमा आबद्ध रहेका घरपरिवारमा विदेशबाट कोही व्यक्ति आएमा नाँच गान गरेर, देउसी भैलो गरेर साथसाथै समाजसेवी आदिबाट आर्थिक सहयोग प्राप्त गर्न पनि सामूहिक रुपमा नै लागेर अर्थ संकलन गर्न थाले । जसको फलस्वरुप उनीहरुलाई थप कार्यमा गाउँका पुरुषहरुले समेत सघाएपछि थप सजिलो भयो । यो कारणले उनीहरुसँग शक्तिको समेत खाँचो भएन । यसरी आफ्नो आर्थिक रुपमा लगानी गर्दै व्यापक रुपमा जनशक्तिको परिचालन गरी उनीहरुले सामाजिक निर्माण कार्यमा सहयोग जस्तै :बाटो निर्माण, ढल निकास निर्माणमा सहयोग, पुल निर्माणमा सहयोग पुलिस चौकी बिट निर्माणमा सहयोग दिदै आएको छ ।

### ५.१.१ नेतृत्व विकास र क्षमता अभिवृद्धि

परम्परागत हिन्दु समाजमा बाँधिएका महिलाहरु हिजो सम्म चुलोचौकोमा मात्र सिमित थिए । कुनै सभा समारोह सामाजिक राजनैतिक संगठनहरुमा समेत सहभागी शुन्य थियो । विशेष गरी सभा, समारोह र बैठक आदिमा महिलाहरु बोल्न लाज मान्ने, निरुत्साहित हुने जस्ता प्रवृतिहरु रहँदा रहदै पनि पछिल्लो समयमा आएर आमा समूहका बैठक र गतिविधिहरुमा निरन्तर रुपमा सहभागी हुँदै गर्दा महिलाहरुमा रहेका कमजोरीहरु हटेर गएको पाइन्छ । आमा समूहका सदस्यहरुले आफ्ना नियमित बैठकहरुमा भाग लिएको अवस्थालाई चित्रमा देखाउन सकिन्छ ।

**तालिका ५.१ : नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यहरुमा उत्तरदाताहरुको सहभागिता**

| क्र.सं. | सहभागिता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ३५ | २७.४२ |
| २ | छैन | २७ | ४३.५५ |
| **जम्मा** | | **६२** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ५.१ मा तथ्याङ्कलाई विश्लेषण गर्दा २७.४२ प्रतिशत उत्तरदाताहरु नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यहरुमा सहभागी हुने गरेको पाइयो भने ४३.५५ प्रतिशत महिलाहरु सहभागी नहुने गरेको पाइयो । यसरी विश्लेषण गर्दा आमा समूहका गतिविधिहरुले सदस्य महिलाहरुमा नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्तो महत्वपूर्ण पक्षको विकास गराएको पाइन्छ ।

### ५.१.२ आमा समूहको निति निर्माणमा उत्तरदाताको सहभागिता

जनशक्ति टोल आमा समूहको महिलाहरु आमा समूहको निति निर्माण कार्यमा उत्साहजनक उपस्थिति देखिएको पाइयो आफ्नो आमा समूह आफै बनाऔं अभियान नारालाई आत्मसाथ गर्दै आफ्नो समूहको विकासको लागी परेको पाइयो ।

**तालिका ५.२ : आमा समूहको नीति निर्माणमा सहभागिता**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सुझाव दिने | ४७ | ७५.८० |
| २ | सुझाव नदिने | १५ | २४.२० |
| **जम्मा** | | **६२** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ५.२ मा तथ्याङ्कलाई हेर्दा अधिकांश अर्थात ७५.८० प्रतिशत महिलाहरु आमा समूहका नीति  निर्माण कार्यहरुमा सहभागी हुने गरेको पाइयो भने बाँकी २४.२० प्रतिशत महिलाहरु यो प्रक्रियामा चासो नदेखाएको पाइयो । निर्णय प्रक्रियामा नियमित रुपमा बैठकमा उपस्थिति भएका महिलाहरु सरिक भएको पाइन्छ भने अर्कोतिर उनीहरुको क्षमता अभिवृद्धि र नेतृत्व विकासमा समेत उल्लेखनिय योगदान पुऱ्याएको पाइन्छ ।

### ५.१.३ आमा समूहको बैठकमा उत्तरदाताको सहभागिताको आधारमा विभाजन

जनशक्ति टोलका आमा समूहमा प्रत्येक घरको सदस्यहरु प्रत्येक महिनाको पहिलो शनिबार बैठकमा जम्मा हुने र मासिक बचत गर्ने गरेको पाइयो । प्रस्तुत तथ्याङ्कलाई तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : संस्थामा नियमित बैठकमा सहभागी सम्बन्धी विवरण**

| सहभागीता | संख्या | प्रतिशत |
|---|---|---|
| बैठकमा नियमित सहभागी हुन्छु | ४० | ६४.५२ |
| बैठकमा नियमित सहभागी हुदिन | २२ | ३५.४८ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ५.३ मा तथ्याङ्कलाई हेर्दा अधिकांश अर्थात ६४.५२ प्रतिशत महिलाहरु आमा समूहको नियमित बैठकमा सहभागी हुने गरेको पाइयो भने बाँकी ३५.४८ प्रतिशत महिलाहरु नियमित बैठकमा सहभागी नहुने गरेका पाइयो । आमा समूहमा नियमित बैठक

सहभागी संख्या उत्साहजनक पाइयो भने आफ्नो काम व्यस्तता र गाउँ तिर धेरै जसो बसोबास गर्ने गरेको कारण र त्यति चासो नदेखिएको पाइयो ।

## ५.२ उत्तरदाताको घरायसी निर्णय प्रक्रियामा भुमिका

पूर्णतया पुरुष प्रधान समाजमा कुनै पनि सामाजिक गतिविधिहरु र विकास निर्माणका कामहरुमा निर्णय गर्दा पुरुषकै हावी रहने गर्दथ्यो । महिलाको कुनै पनि भूमिका हुने थिएन । त्यस्तै सरकारी नियममा पुरा गर्न कोटा पुऱ्याउने बाहेक महिलाहरुलाई निर्णय प्रक्रियामा सरिक गराइदैनथ्यो । यसका अतिरिक्त घरपरिवारमा पनि महिलाहरुलाई निर्णय प्रक्रियामा सरिक नगराउने चलन विद्यमान थियो । पछि गएर महिलाहरु आमा समूहमा संगठित भई आफ्ना कुराहरु राख्न सक्ने र हक अधिकार समेत खोज्न थाल्ने भइसकेपछि विभिन्न निर्णय प्रक्रियाहरुमा उनीहरुलाई सहभागी गराउन थालियो जसले गर्दा उनीहरुको सामाजिक हैसियत समेत उच्च हुन पुग्यो ।

घरायसी र सामाजिक निर्णय प्रक्रियामा सहभागी हुँदा यी महिलाहरुका आवाजलाई समाजले सुन्ने र कार्यन्वयन गर्ने गरेको समेत पाइएकाले पनि समाजमा महिलाहरुको स्थिति निकै सुधार भएको मान्न सकिन्छ । उनीहरुका कुरा समाजमा सुनिने अवस्थाको बारेमा प्राप्त तथ्याङ्कलाई तालिका नं. ५.४ तालिकामा देखाउन सकिन्छ ।

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| सक्रिय भुमिका | ३५ | ५६.४५ |
| सामान्य भुमिका | १५ | २४.१९ |
| भुमिका नरहने | १२ | १९.३६ |
| **जम्मा** | **६२** | **१००** |

**तालिका ५.४ : घरायसी निर्णय प्रकृयामा उत्तरदाताको भूमिकाको विवरण**

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ५.४ मा ५६.४५ प्रतिशत महिलाहरुलाई समाजमा आफ्ना कुराहरु सुनिन्छन्, २४.१९ प्रतिशत महिलाहरुलाई कहिलेकाँही सुनिन्छन् र बाँकी १९.३६ प्रतिशत महिलालाई आफ्ना कुरा सुनिदैन भन्ने लाग्छ । यस तथ्यलाई आधार मान्दा करिब ५६.४५ प्रतिशत

महिलाहरु सामाजिक निर्णय प्रक्रियामा आफ्नो सहभागिता सकारात्मक भएको ठान्दछन् । छोराछोरीको भविष्यमा के पढ्ने बारे छलफल, जग्गा जमीन किनबेच गर्ने सम्बन्धी छलफल र घर निर्माण सम्बन्धी छलफल आदिमा महिलाहारुको सक्रिय भुमिका रहेको पाइयो ।

### ५.२.१ सञ्चारको साधनप्रतिको आकर्षण

विगतको समयमा महिलाहरुको सञ्चार माध्यमप्रति सहभागिता कम थियो । महिलाहरुको बोल्ने कला, देश विदेशको समसामयिक विषयहरुको बारेमा ज्ञान थिएन । निरन्तर रुपमा आमा समूहमा लागेपछि समुहका गतिविधिका साथै अन्य सामाजिक र विकास निर्माणका कामहरु समेत जुट्नु पर्दा समूहमा आबद्ध महिलाहरुको बोल्ने कला, देश विदेशका समसामयिक विषयहरुको बारेमा आफ्नो दखल बढ्न गयो । जसको कारण उनीहरु देश विदेशका समाचारहरुप्रति चासो राख्न थाले । गाउँमा विद्युतीकरण भई करिब सबै घर परिवारमा टेलिभिजन, पत्रपत्रिका र रेडियोको समेत सुविधा भएकोले सञ्चार माध्यम मार्फत प्रसारित समाचारहरुमा समेत रुचि राखेको पाइन्छ । समूहमा आबद्ध उत्तरदाताहरुले कुन-कुन सञ्चार माध्यम मार्फत प्रसारित समाचारहरुमा समेत रुची राखेको पाइन्छ । समूहमा आबद्ध उत्तरदाताहरुले कुन-कुन सञ्चार माध्यम सुन्ने र हेर्ने गर्नुहुन्छ भन्ने धारणालाई निम्न अनुसार देखाउन सकिन्छ ।

**तालिका ५.५ : सञ्चार माध्यमको उत्तरदाताहरुद्धारा प्रयोग सम्बन्धी विवरण**

| सञ्चार माध्यम | संख्या | प्रतिशत |
|---|---|---|
| रेडियो एफ.एम. सुन्ने, टी.भी. हेर्ने | ३५ | ५६.४५ |
| पत्रपत्रिका पढ्ने | १६ | २५.८० |
| कुनै पनि गर्दिनँ | ११ | १७.७५ |
| जम्मा | **६२** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ५.५ तथ्याङ्कको आधारमा ५६.४५ प्रतिशत आमा समूहमा आबद्ध महिलाहरु रेडियो एफ.एम. सुन्ने, टि.भी. हेर्ने, २५.८० प्रतिशत महिलाहरु पत्रपत्रिका पढ्ने, १७.७५ प्रतिशतले कुनै पनि गर्दिनँ अथवा सञ्चारका माध्यममा वास्ता नै नगरेको पाइयो । प्रस्तुत तथ्याङ्कबाट महिलाहरु पनि समाचारहरु हेर्ने र सुन्ने सन्दर्भमा उत्तरदाताहरु अग्रसर भएको देखियो ।

# अध्याय : छ

# आमा समूहका गतिविधिहरुद्वारा समुदायमा आएको परिवर्तन

समूहगत सहभागिताले सहभागीहरुमा अथवा समूहहरुमा रचनात्मक र अन्य स्वाभाविक कार्यहरुको जन्म गराउँछ । जब मानिसहरु समूहमा आबद्ध हुन्छन्, नियमित भेटघाट, बचत र ऋणको लागि पनि समूहसँग सम्बन्ध हुन्छ । अन्य सदस्यहरुसँग चिनजान र परिचय हुने क्रममा महिलाहरु बीच सहकार्य र सशक्तीकरण हुन्छ ।

नेपाली समाजमा धेरै जसो महिलाहरु घरायसी क्रियाकलापमा नै संलग्न भएको पाइन्छ । घर बाहिरका काममा महिलाहरुको उपस्थिति नगन्य देखिन्छ । त्यस्ता काममा संलग्न छन् भने तल्लो स्तरका काममा नै सीमित छन् । हाम्रो समाजमा धेरै बाधाहरु छन् जसले गर्दा महिलाहरु पछि परेका छन् । महिला पुरुषहरुको तुलनामा भेदभावपुर्ण ढंगबाट हेरिने गरेका मानिसभित्र कै कमजोरीहरुलाई विगतका दिनमा हामीले समुदायका आउँदा पनि यस्तो प्रक्रिया वा व्यवहारमा खासै उल्लेखनीय प्रगति भएको पाइदैन । वास्तवमा समुदायको चौतर्फि विकासका लागि महिला तथा पुरुष दुवैलाई एउटै सिक्काको दुईवटा पाटा भन्नमा उपयुक्त हुँदैन ।

अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण महिलाहरु एउटै समूहमा आबद्ध रहेर संगठित महिलाहरु छुट्टै आमा समूहको स्थापना गरी आफ्ना बस्तीहरुमा सामाजिक विकृतिहरु बढेको महिलाहरु स्वयमको पनि चेतना स्तर पनि ज्यादै कम रहेको र सामाजिक र आर्थिक क्षेत्रमा समेत पुरुषहरुको हावी रहेकाले सामाजिक र आर्थिक सचेतना फैलाउनु पर्ने देखिएकोले समुदायका केही सकरात्मक सक्रिय महिला र पुरुषहरुको पहलमा आमा समूहको स्थापना भएको हो । यस अध्ययनमा महिलाहरु समूहमा आबद्ध हुनु अगाडिको सामाजिक र आर्थिक अवस्था र यसको स्थापना पछि देखिएका केही सकारात्मक परिवर्तनहरुको बारेमा चर्चा गरिन्छ ।

## ६.१ क्रियाकलापले आर्थिक सुधारमा पारेको प्रभाव

यो आमा समूहको स्थापना भएपछि स्थानिय स्तरमा गाउँका महिलाहरु सामाजिक कामका साथै आर्थिक रुपमा पनि केही सबल बन्न थालेको कुरा प्रष्ट देखिन्छ । विशेषत बालबच्चाको रेखदेख कृषि श्रम तथा घरायसी धन्दा जस्ता आर्थिक रुपमा नदेखिने कामहरुमा मात्र लागिरहने र फुर्सदको समयमा गाउँमा नै कृषि मजदुरको रुपमा खेतला जाने तथा उक्त आम्दानीले आफ्नो गुजारा समेत टार्न नसकेका महिलाहरु सानातिना व्यवसाय बाखापालन, तरकारी खेती आदिम रही केही अर्थोपार्जनका कामहरु समेत थालेको पाइन्छ । यसरी प्राप्त आम्दानी मध्ये केही रकम नियमित रुपमा बचत गरी त्यही मध्येको रकमबाट पालैपालो ऋण सापटी लिएर पुँजी वृद्धि गरी आय आर्जनमा थप भूमिका खेलेको पाइन्छ जसले गर्दा महिलाहरुमा बचत गर्ने बानी बस्नुको साथै थप पुँजी सञ्चालन गर्न हौसला समेत बढेको पाइन्छ ।

यस आमा समूहककी कोषाध्यक्षका अनुसार फरक-फरक रकम जम्मा गर्दा हिसाब गर्न असुविधा हुने भएकाले सबै सदस्यहरुबाट मासिक रकम रु.१०० का दरले संकलन गरी सांग्रिला बैंक रामबजारमा जम्मा गरेको पाइयो ।

यसरी महिलाहरु बचतप्रति निकै प्रयत्नशिल रहेको कुरा प्रष्ट हुन्छ । आफूहरु बचत संकलित बचत रकम केही महिलाहरुले समूहबाट ऋण लिई केही साना तिना व्यवसायहरु सञ्चालन गर्नका लागि प्रयोग गरेको पाइन्छ । मुख्यतया ऋण लिएका महिलाहरुले कृषि तथा बाखापालन व्यवसायमा लागेका पाइन्छ । यसरी गरेको व्यवसायबाट मासिक रुपमा आफ्नो बचत ऋणको किस्ता भुक्तानी तथा घर खर्च टार्नमा समेत उल्लेखय भूमिका खेलेको पाइन्छ ।

**तालिका ६.१ : ऋण लिएर सञ्चालन गरेको कार्यबाट हुने मासिक आम्दानी**

| मासिक आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| रु.५०० सम्म | १० | ५८.८२ |
| रु.४००० सम्म | ५ | २९.४१ |
| रु.५००० सम्म | २ | ११.७७ |
| **जम्मा** | **१७** | **१००** |


*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका ६.१ मा समूहमा आबद्ध सम्पूर्ण सदस्यहरुले मासिक रुपमा बचत संकलन गर्ने भएता पनि सबैले समूहबाट ऋण लिएका छैनन् । तालिका अनुसार समूहबाट ऋण लिएर मासिक रु.५००/- आम्दानी गर्ने र आर्थिक सशक्तीकरणको प्रक्रियालाई अगाडि बढाउने उत्तरदाताको संख्या ५८.८२ प्रतिशत रह्यो र सोही समूहबाट ऋण लिएर सञ्चालन गरेको कार्यबाट मासिक रु.४०००/- आम्दानी गर्ने महिलाको संख्या २९.४१ प्रतिशत रह्यो भने समूहबाट ऋण लिई विभिन्न व्यवसाय सञ्चालन गरी मासिक रु.५०००/- आम्दानी गर्ने महिलाको संख्या ज्यादै कम अर्थात् ११.७७ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा समूहबाट ऋण लिई व्यवसाय सञ्चालन गरेका महिलाहरु अर्थोपार्जनमा जुटी सानोतिनो आम्दानी गरी घरायसी खर्च टार्नुका साथै केटाकेटीको पढाईमा समेत खर्च गर्न सक्ने अवस्थामा पुगेको पाइन्छ ।

विशेष गरी महिलाहरु व्यवसायबाट आर्जित रकम आफ्ना सानातिना खर्च जस्तै चुरा, पोते आदिमा लगानी गर्ने, घर खर्च जस्तै चिनी, चिया आदिमा खर्च गर्ने र केटाकेटीको पढाईमा कापी, किताबको लागि समेत खर्च गर्ने गरेको पाइयो भने अर्कोतिर उनीहरु समूहबाट लिएको ऋणको साँवा व्याज मासिक रुपमा भुक्तानी गर्ने गरेको र यो प्रक्रिया नियमित भएको कुरा समूहको कोषाध्यक्ष बताउनुहुन्छ । यसका अतिरिक्त उनीहरुमध्ये अधिकांश महिलाहरु केही रकम बचत गर्न समेत सक्षम रहेको पाइन्छ ।

यसरी समूहबाट ऋण प्राप्त गरी आर्थिक सबलिकरणमा लाग्दो स्वयम् सदस्य महिलाको मात्र आर्थिक उन्नति हुन नपुगी उनको परिवार र समग्रमा समाजको समेत आर्थिक हैसियत उच्च हुन पुगेको कुरालाई नकार्न मिल्दैन । सुरु सुरुका दिनहरुमा परिवारका सदस्य खास गरी पुरुषबाट त्यति ठूलो सहयोग नपाएको भएता पनि वर्तमानमा आएर प्राप्त आम्दानीले आर्थिक हैसियत समेत उठाएकाले परिवारका सम्पूर्ण सदस्यहरुबाट व्यवसायिक काम अथवा समूहले गर्नुपर्ने अन्य कामहरुमा समेत सदस्य महिलाहरुलाई सहयोग पुऱ्याउने पाइन्छ । यस सम्बन्धमा परिवारका अन्य सदस्यहरुले आमा समूहका सदस्य महिलाहरुलाई सहयोग पुऱ्याए नपुऱ्याएको सम्बन्धमा निम्न अनुसारको तथ्याङ्क प्राप्त हुन आउँछ ।

**चित्र ६.१ : परिवारका सदस्यले महिलालाई काममा सहयोग गरे नगरेको अवस्था**




यसरी प्राप्त तथ्याङ्कले के देखाउँछ भने समाजका करिब सम्पूर्ण सदस्यहरुका घरहरुमा अर्थात ९३ प्रतिशत सदस्यहरुको परिवारमा परिवारका अन्य सदस्यहरुबाट महिलाहरुलाई हरेक क्रियाकलापमा सघाएको पाइन्छ भने ज्यादै न्यून जम्मा ७ प्रतिशत महिलाहरुको भने परिवारका सदस्यहरुले खासै नसघाएको अवस्था देखिन्छ । यसको आधारमा पनि समाजको विकास निकै तीव्र रुपमा अगाडि बढिरहेको र आर्थिक तथा सामाजिक सशक्तीकरणमा परिवारका हरेक सदस्यको महत्वपूर्ण भूमिका हुन्छ भन्ने चेतनाको विकास यो समाजमा भएको पाइन्छ ।

## ६.२ आमा समूह स्थापना हुनु भन्दा अगाडिको समुदायको अवस्था

समुदायका एकजना समाजसेवी मुख्य सुचनादाताको आधारमा समाजमा विभिन्न विकृति, अन्धविश्वास र कलहले ग्रस्त थियो । गाउँको विकास निर्माण काममा अन्य सामाजिक र आर्थिक कार्यहरुका लागि सभा सम्मेलन बैठक आदि गर्दा समेत यी क्षेत्रहरुबाट केही पुरुषहरुको मात्र सहभागिता हुने गर्दथ्यो भने महिलाहरुको सहभागिता प्राय शुन्य हुने गर्दथ्यो । सहभागिता भयो भने पनि उनीहरुको बानी नपरेको कारणले समाजका अगाडि उभिन र बोल्न धक मान्ने गर्दथे जसले गर्दा विकास निर्माण र अन्य सामाजिक काममा महिलाहरुको कुनै भूमिका थिएन । उहाँका अनुसार महिलाहरु केही सामाजिक पर्वहरु जस्तै तीज, ऋषीपञ्चामी र रत्यौली आदि जस्ता अवसरहरुमा एक आपसमा खुलेर कुरा गर्ने गर्दथे ।

यति हुँदाहुँदै पनि विभिन्न पूजा आजा, काज क्रियामा समेत केही जातिय रुपमा छुवाछुत भएकोले विकृतिहरु भइरहेको थिए । निम्न आर्थिक स्थिति हुँदाहुदै पनि दिनभर काम छोडेर जुवातास खेल्ने तथा रातमा रक्सी सेवन गरी समाजमा होहल्ला गर्ने र श्रीमती कुट्ने जस्ता अमानवीय कार्यहरुमा समेत संलग्न हुन पुग्थे जसले गर्दा परिवारमा कलह बढ्न पुगेको थियो । परिवारमा आपसी बेमेल गराएको थियो भने अर्कोतिर सामाजिक रुपमा विकृतिहरु फैलिएको थियो । सधैं हुने झै-झगडा र कुटपिट जस्ता घटना पछि समाजका मानिसहरु समस्या समाधानको लागि छलफलमा जुट्थे । कैयौं प्रयासहरु झगडामा गएर टुङ्गिन्थे । यस्तो परिस्थितिमा महिलाहरु समुदायका पुरुषहरुबाट थकित थिए ।

आमा समूहकी निवर्तमान अध्यक्षका अनुसार सरकारले तोके अनुसारका विभिन्न समितिहरुमा महिलाको उपस्थिति गराउने गरिन्थ्यो तर यसमा पनि गाउँका केही अगुवा महिलाहरु मात्रै सहभागी हुन्थे । महिलाहरुको चेतनास्तर न्यून भएकाले पनि टोलमा जताततै फोहर, दिशा पिसाबले दुर्गन्धित थियो । आफनै टोलको महिलाहरु चिनजान, बोलचाल थिएन, विरानो मानिस झै लाग्थ्यो, एकले अर्काको कुरा काट्ने, खिसि गर्ने गर्थे । यस्ता कुरिति र कुस्संकार तोडनका लागि समुदायका केही सचेत पुरुष महिलाहरुले आफ्नो टोलको उल्लेख्य विकासका लागि छुट्टै आमा समूहको स्थापना गरी सामाजिक कामहरु गर्ने निर्णय गरे ।

## ६.३ आमा समूह स्थापना हुनुका कारणहरु

आमा समूह स्थापना हुनुभन्दा अगाडि यस समुदायका मानिसहरु विभिन्न स्थानहरुबाट स्थानान्तर हुने क्रममा यस जनशक्ति टोलभित्र बसोबास गर्न विभिन्न जाति र धर्मबाट आएका व्यक्तिहरुबाट समुदायमा बसिसकेपछि टोलबिकासका लागि सबैजना मिलेर काम गर्ने जोस जागँरका साथ टोल विकास संस्थाको स्थापना २०७१ सालमा भए लगतै आमा समूह पनि सोही सालमा नै स्थापना भएको थियो । कुनै पनि सरकारी काम कारवाहीको लागि पनि आमा समूहको आवश्यकता पर्ने र सामाजिक कर्तव्य जिम्मेवारी, सहकार्य, एकता र अपनत्व कायम राख्नको लाागि पनि समाजको निमार्ण भएको हो । आफुसँग भएको सीप साधन अरुलाई पनि सिकाएर दक्ष भई स्वरोजगार बन्न साथै मौका पाएको खन्डमा नेतृत्व लिनको लागि पनि आमा समूहको निर्माण भएको हो । समाजमा बसेपछि समाजका हरेक क्रियाकलापमा सक्रिय सहभागी जनाउनु पर्दछ । अरुलाई पर्ने दुःख आफुलाई पनि पर्न सक्छ

भनी बुझ्नु पर्दछ । समाजमा नै मानिस जन्मन्छ हुर्कन्छ र आफनो जीवनको हरेक सुख दु:ख बिताउँछ र समाजमा राम्रा नराम्रा छापहरु छोडेर जान्छ ।

यो अध्ययनको अध्ययन क्षेत्र नयाँगाउँ जनशक्ति टोलका महिलाहरुको सामाजिक र आर्थिक अवस्था न्यून रहेको अध्ययनले पुष्टि गरेको छ । वि.स. २०७१ सालमा यो आमा समूहको स्थापना हुँदा समुदायमा रहेका केही अगुवा महिलाहरुले  अग्रसरता देखाएको भएता पनि अधिकांश हालका सदस्य महिलाहरु समुदायमा नै रहेको पाइन्छ । यो समूहको प्रावधान अनुसार गाउँमा रहेका सम्पूर्ण विवाहित तथा थोरै संख्यामा अविवाहित महिलाहरु यो समूहको सदस्य रहेका छन् । यस सम्बन्धि अध्ययनलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ६.२ : उत्तरदाताहरु स्थापनादेखि नै यसमा आबद्ध भए नभएको अवस्था**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| स्थापनाकाल देखि थिए | ४२ | ६७.७४ |
| स्थापनाकाल देखि थिइन | २० | ३२.२६ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ६.२ अनुसार कुल ६२ जना उत्तरदाता महिलाहरु मध्ये स्थापनाकाल देखि ६७.७४ प्रतिशत र बीचबाट ३२.२६ प्रतिशत रहेको पाईन्छ । यो सर्वेक्षणबाट के प्रष्ट हुन्छ भने आमा समूहमा आबद्ध धेरै महिलाहरु यो संस्थाको स्थापना कालदेखि नै सक्रिय रुपमा लागिपरेको पाइयो ।

विशेषत गाउँमा रहेका सामाजिक विकृतिहरुलाई हटाउनु आमा समूहको स्थापनाको प्रमुख कारण थियो जसले महिला सशक्तीकरणमा उल्लेख्य भूमिका खेल्न सक्दथ्यो । तापनि सम्पूर्ण महिलाहरुका चेतनाको स्तर एउटै नभएकाले र बुझाई फरक-फरक भएकोले पनि सम्पूर्ण महिलाहरु एउटै कारणले संगठित भएको पाइदैन ।

**तालिका ६.३ : स्थानिय महिलाहरु आमा समूहमा आबद्ध हुनुको कारण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| स्वच्छाले | ३० | ४८.३९ |
| साथीद्धारा | २० | ३२.२५ |
| परिवारिक सदस्यले | १२ | १९.३६ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ६.३ अनुसार प्राप्त तथ्याङ्कलाई हेर्दा विशेष गरी चेतनाको स्तर केही बढी भएका अगुवा महिलाहरु मध्येबाट ४८.३९ प्रतिशत महिलाहरु महिला सशक्तीकरणको चाहनाले आमा समूहमा आबद्ध भएको, ३२.२५ प्रतिशत अरु सहभागी भएको देखेर आफूलाई पनि आबद्ध हुन मन लागेको देखिन्छ । तथा १९.३६ प्रतिशत महिलाहरु आफ्नो परिवारका सदस्यहरुको आग्रहमा आमा समूहको सदस्य भएको पाइन्छ ।

### ६.३.१ आमा समूहको शैक्षिक स्थिति

अशिक्षा, अन्धविश्वास र रुढीवादी संस्कारबाट व्यस्त रहेको समाज आमा समूहको स्थापना र कार्य प्रगतिको सँगै अगाडि बढेको पाइन्छ । शिक्षा नै चेतनाको ज्योति हो भन्ने कुरालाई अंगिकार गर्दै यो आमा समूहले समाजमा महिलाहरुलाई विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, बैठक, भेला आदिमा सहभागी हुनुको साथै अर्थोपार्जनमा सरिक भई केही रकम समेत आर्जन गर्न सक्ने आर्जन गर्ने अवस्थामा पुगेकोले छोराछोरीलाई मुख्यतया समान अवसर र समान शिक्षा दिनुपर्छ भन्ने कुरामा यहाँका महिलाहरु हाल आएर सचेत देखिएको पाइन्छ । छोरीलाई दिइने शिक्षाप्रति समाजका महिलाहरुको धारणा तालिका नं.७.४ मा देखाइएको छ ।

**तालिका ६.४ : छोरीलाई दिइने शिक्षाप्रति उत्तरदाताहरुको धारणा**

| **उत्तरदाताहरुको धारणा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| छोरीलाई शिक्षा दिनुपर्छ | ५२ | ८३.८७ |
| छोरीलाइ दिएपनि हुन्छ नदिए पनि हुन्छ | १० | १६.१२ |
| जम्मा | **६२** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ६.४ तथ्याङ्कलाई हेर्दा समूहमा आबद्ध रहेका करिब सम्पूर्ण महिलाहरु छोरीलाई उचित शिक्षा दिनुपर्छ भन्ने धारणा राखेको पाइन्छ भन्ने जम्मा १६.१२ प्रतिशत महिला छोरीलाई शिक्षा दिनु र नदिनुमा खासै फरक नपर्ने कुरा बताउँछन् । तर छोरीलाई शिक्षा दिनु पर्दैन भनेर कसैले पनि नभनेको भेटियो । यसले के प्रष्ट पार्दछ भने समाज नारी शिक्षाप्रति सचेत र उद्धार रहेको छ ।

स्थानिय महिलाहरु छोरीको शिक्षाप्रति सचेत हुन थाले पछि छोरीहरु विद्यालय जाने संख्या त उल्लेखनीय रुपमा बढ्यो नै उनीहरुले शिक्षामा राम्रो प्रगति पनि हासिल गर्न सफल भएका छन् । यसका लागि घर परिवारले उनीहरुलाई पढ्नका लागि उचित समय व्यवस्था समेत गरिदिएको पाइयो । यस सन्दर्भमा निम्न अनुसारको तथ्याङ्क प्राप्त भएको छ ।

### ६.३.२ आमा समूहको छोराछोरीको शिक्षाप्रति अभिरुची

कुनै पनि समाजको भविष्य हालका केटाकेटीहरुको शिक्षामा निर्भर हुन्छ । वर्तमान्मा शिक्षाको अवसर प्राप्त गरेका केटाकेटीहरु भविष्यका शिक्षित र सक्षम नागरिक हुन पुग्दछन् । जुन कुराले समाजलाई सशक्त बनाएको छ । प्रस्तुत तथ्याङ्कलाई तालिका नं. ६.५ मा प्रस्तुत गरिएको छ ।

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पर्याप्त समय दिएको | ४६ | ७४.२० |
| समय नदिएको | ६ | ९.६८ |
| छोराछोरीले आफै समय मिलाएको | १० | १६.१२ |
| **जम्मा** | **६२** | **१००** |

**तालिका ६.५ : छोराछोरीको शिक्षाप्रति अभिरुची देखाएको नदेखाएको**

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ६.५ मा तथ्याङ्कको आधारमा समूहका करिब ७४.२० प्रतिशत महिलाहरुले आफूले पर्याप्त समय दिएको बताएको पाइयो भने १६.१२ प्रतिशत महिलाहरुले आफ्ना छोराछोरीहरुले पढ्नको लागि आफै समय मिलाएको, त्यस्तै करिब ३९ प्रतिशत महिलाहरुले केही थोरै महिलाहरुले पर्याप्त समय दिन नसकेको कुरा बताएको पाइयो । यसरी हेर्दा समूहमा आबद्ध महिलाहरु छोराछोरीलाई विद्यालय पठाएर मात्र पुग्दैन, घरमा पढ्ने वातावरण र पर्याप्त समय दिनुपर्छ भन्ने कुरामा सचेत रहेको र छोराछोरीलाई समान शिक्षाको अवसर दिएको पाइयो ।

### ६.३.३ आमा समूहको प्रौढ शिक्षामा सहभागिता

आमा समूहमा हुने संलग्नताले यहाँका निरक्षरताको कालो ओढार भित्र गुम्सी रहेका महिलाहरु आमा समूहको क्रियाशीलताको फलस्वरुप प्रौढ कक्षा सञ्चालन गरी प्रौढ साक्षरताको अभियानमा समेत जुटि रहेको पाइन्छ । बेला-बेलामा विभिन्न संघ, संस्था र स्थानिय अगुवा कार्यकर्ताहरुको पहलमा सञ्चालन भएका प्रौढ कक्षाहरुमा गाउँका अन्य क्षेत्रका महिलाहरुको अतिरिक्त यहाँका महिलाहरु पनि संलग्न भएको तथ्य नकार्न मिल्दैन ।

सञ्चालन भएका प्रौढ कक्षाहरुमा सहभागी हुने महिलाहरु मध्ये अधिकांश स्वयम् सदस्य महिलाहरु नै रहेको देखिन्छ भने केही परिवारका अन्य सदस्यहरु समेत यो कार्यक्रमबाट लाभान्वित भएको देखिन्छ । प्रस्तुत तथ्याङ्कलाई तालिका नं. ६.६ मा देखाउन सकिन्छ ।

**तालिका ६.६ : प्रौढ कक्षामा परिवारबाट सहभागी भएको विवरण**

| **सहभागी** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आफै सहभागी भएको | ७ | ४१.१८ |
| परिवारका अन्य सदस्य सहभागी भएको | १० | ५८.८२ |
| जम्मा | **१७** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ६.६ मा प्रौढ कक्षामा सहभागी भएका ७ परिवारका सदस्य महिलाहरु मध्ये ४१.१८ प्रतिशत स्वयम् सदस्य महिलाहरु रहेको र बाँकी ५८.८२ प्रतिशत परिवारका अन्य सदस्यहरु रहेको जानकारी हुन्छ । यसले के देखाउँछ भने आमा समूहमा आबद्ध महिलाहरु स्वयम् प्रौढ शिक्षामा कम भएको देखाएतापनि यो समूहमा आबद्ध महिलाहरु पहिले नै साक्षर भएकोले महिला साक्षरतामा आमा समूहले पुऱ्याएको योगदानले स्थानिय समाजको शैक्षिक विकासमा निकै अग्रणी भूमिका खेलेको कुरा प्रष्ट हुन आउँछ ।

## ६.४ महिलालाई समाज र परिवारले हेर्ने दृष्टिकोणमा आएको परिवर्तन

अधिकांश नेपाली महिलाहरु घरभित्रको काममा मात्र सीमित रहेको पाइन्छ । थोरै मात्रमा आफ्नो क्षमताको प्रदर्शन गरी रोजगार वा संघसंस्थामा आबद्ध भएको पाइन्छ । यस्तो परिस्थितिमा परम्परावादी नेपाली समाजले सामूदायिक विकासकोषमा आबद्ध हुने महिलाहरुलाई सुरुका वर्षहरुमा नकारात्मक दृष्टिकोणले हेरेको भए पनि वर्तमानमा उनीहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइन्छ । जनशक्ति टोल आमा समूहमा पुरुषहरुको प्रेरणामा शुरु भएको सत् प्रतिशत नै पुरुषहरुले महिलाहरुलाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन आएको देखियो । पुरुषहरुले महिला प्रति सोच्ने सोच र व्यवहारमा आमुल परिवर्तन आएको देखिन्छ जुन पक्ष एकदमै सकरात्मक पाइयो ।

## ६.५ आमा समूहमा संलग्नता पछि समाजमा आफ्नो हैसियत

समाजमा कुनै कार्यक्रम संचालन गर्नु परेमा अथवा कुनै भौतिक पूर्वाधार निर्माण गर्ने कुरामा अथवा अन्य कुनै सामाजिक भेलामा महिलाहरुलाई सामेल गराउने र उनीहरुको धारणा, विचार र सल्लाह लिने चलन निकै कम हुने गर्दछ । तर समूहमा आबद्ध समाजमा महिलाहरुले आफ्नो सामाजिक हैसियतमा पाएको परिवर्तन निम्नानुसार रहेको पाइयो ।

**तालिका ६.७ : उत्तरदाताहरुको सामाजिक हैसियतमा आएको परिवर्तन**

| **समाजिक हैसियतको अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| जस्ताको त्यस्तै | ५ | ८.०६ |
| राम्रो हुँदै गएको | ३५ | ५६.४६ |
| धेरै राम्रो भएको | २२ | ३५.५० |
| **जम्मा** | **६२** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ६.७ अनुसार आफ्नो हैसियत जस्ताको त्यस्तै रहेको अनुभव गर्ने जम्मा ८.०६ प्रतिशत भएको, राम्रो हुँदै गएको अनुभव गर्ने ५६.४६ रहेको र धेरै राम्रो भएको अनुभव गर्ने ३५.५० प्रतिशत भएको भेटियो । यसबाट के थाहा पाउन सकिन्छ भने समुहमा आवद्ध भईसकेपछि महिलाहरुको सक्रियतालाई समाजले उच्च मूल्याकंन गरेको छ र महिलाहरुको सामाजिक हैसियतमा सकारात्मक परिवर्तन आएको छ ।

## ६.६ सशक्तिकरणका लागि भएको परिवर्तन

समुदायमा महिलाहरुको सम्मानजनक उपस्थिति रहनु, महिलाहरुले पुरुषहरु सरह आफ्नो बुद्धि विवेक प्रयोग गर्न पाउनु, महिलाहरु निरक्षरबाट साक्षरता तर्फ अग्रसर हुनु, आय मूलक सीपको विकास गरी आयश्रोत वृद्धि गर्नु आदिले महिलाहरु सशक्तिकरण तर्फ उन्मुख भएको जनाउँदछ । समूहमा आबद्ध महिलाहरुलाई समूह गठन भएपछि समुदायमा महिला सशक्तीकरणका लागि कस्तो परिवर्तन भएको महशुस गर्नु भएको छ भन्ने प्रश्नको जवाफमा पाइएको उत्तर तालिका नं. ६.९ अनुसार रहेको छ ।

तालिका ६.८ : समूह गठन पछि सामाजिक कार्यमा संलग्नताका

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक गतिविधिमा संलग्नता | ५० | ८०.६५ |
| सामाजिक गतिविधिमा असंलग्नता | १२ | १९.३५ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ६.८ मा महिलाहरु समूहमा आबद्ध भएपश्चात सामाजिक सशक्तीकरणमा उल्लेखनिय रुपमा अग्रसर भएको र सकारात्मक परिवर्तन भइ महिलाहरुको सामाजिक, आर्थिक स्तरमा उन्नति भएको पाइयो ।

विशेष गरी तत्कालीन समाजमा विद्यमान सामाजिक र आर्थिक सशक्तीकरणको उदेश्य लिएर गाउँका अगुवा महिलाहरुको सक्रियता र केही पुरुषहरुको सहयोगमा आमा समूहको स्थापना भएपछि सो स्थानमा रहेका महिलाहरुको सामाजिक, आर्थिक र शिक्षा एंव स्वास्थ्य सम्बन्धि चेतनाको स्तर अभिवृद्धि हुनुका साथै सामाजिक विकृतिहरुको समेत अन्त भएको देखिन्छ ।

यस तथ्याङ्कबाट समूह गठन पछि घर भित्र मात्र सिमित नरहेर आफूले जानेको सीप, ज्ञान र क्षमता अनुसार अफनो व्यस्त समयका बावजुत पनि सामाजिक कार्यमा अग्रसर रहेको देखिन्छ ।

## ६.७ उत्तरदाताको सामाजिक र घरेलु हिंसा विरुद्ध आवाजको विभाजन

विशेष गरी तत्कालीन समाजमा विद्यमान सामाजिक र आर्थिक सशक्तीकरणको उदेश्य लिएर गाउँका अगुवा महिलाहरुको सक्रियता र केही पुरुषहरुको सहयोगमा यस आमा समूहको स्थापना भएपछि सो स्थानमा रहेका महिलाहरुको सामाजिक, आर्थिक र शिक्षा एंव स्वास्थ्य सम्बन्धि चेतनाको स्तर अभिवृद्धि हुनुका साथै सामाजिक विकृतिहरुको समेत अन्त भएको देखिन्छ ।

हाम्रो नेपाली समाज पितृसत्तात्मक सोचबाट अगाडि बढिरहेको छ । यस समाजको विकास प्रक्रियामा महिलाको भूमिका ज्यादै न्यून रहेको देखिन्छ । जब समाजमा कृषि युग सुरु भयो त्यही समयबाटै पुरुषहरु बढी भन्दा बढी जग्गा जमिन रोज्ने त्यही सम्पत्ति वा जमिन

धान्नका लागि पुरुषहरुले बढी वा धेरै श्रीमती विवाह गर्ने त्यसै समयदेखि बहुविवाह प्रथाको सुरुवात भएको पनि भन्ने गरिन्छ । बढी श्रीमती विवाह गर्ने धेरै बच्चा बच्ची जन्माउने र महिलालाई घरको काम मात्र लगाई आफू मालिक बनेर बस्ने र समान कामका लागि पनि महिला भएको कारण पुरुषलाई भन्दा कम ज्याला दिने, सम्पत्तिमा वा आम्दानीमा हक महिलाको नरहने एउटै घरमा मालिक बनेर बस्ने सामान्ती प्रथाको सुरुवात भयो । सामाजिक र घरेलु हिंसा विरुद्ध आवाज उठाउनहुन्छ कि हुन्न भन्ने प्रश्नको जवाफमा पाइएको उत्तर तालिका ६.८ अनुसार रहेको छ ।

| **शिर्षक** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आवाज उठाउँछु | २० | ३२.२६ |
| सामान्य  आवाज उठाउँछु | ३५ | ५६.४५ |
| आवाज उठाउदिन | ७ | ११.२९ |
| **जम्मा** | **६२** | **१००** |

**तालिका ६.९ : सामाजिक र घरेलु हिंसा विरुद्ध आवाज**

*स्रोत : स्थलगत सर्वेक्षण, २०७८*

तालिका नं. ६.९ मा आमा समूहका महिलाहरु सामाजिक र घरेलु हिंसा विरुद्ध आवाज उठाउँछु ३२.२६ प्रतिशत, सामान्य  आवाज उठाउँछु भन्नेहरु ५६.४५ प्रतिशत र आवाज उठाँउदिन भन्ने उत्तरमा ६७.७४ प्रतिशत पाइयो । आवाज नउठाउने महिलाहरु भन्दा आवाज उठाउछु र सामान्य आवाज उठाउँछु भन्ने संख्या बढी देखिएको कारण महिला शशक्तिकरण बढी प्रवल भएको पाइयो ।  आमा समूहमा आवद्ध भए पश्चात् व्यक्तिगत र पारिवारिक जीवनमा आएको परिवर्तनलाई वैयक्ति अध्ययन २ मा प्रस्तुत गरिएको छ ।

## वैयक्तिक अध्ययन - २

*४२ वर्षिय रिता घर्ती (नाम परिवर्तन) यस जनशक्ति टोल आमा समूहकी सदस्य हुँ । म सानै हुँदाखेरि मेरो बाबा बित्नुभएको र मेरी आमाले मलाई दु:खका साथ हुर्काउनुभयो । म १५ वर्षको हुँदा मेरो विवाह भयो । मेरो श्रीमान्को पेशा ड्राइभर थियो । मेरो मुख्य पेशा*

कृषि र भैंसी पालन थियो । दुई सन्तान जन्मिएपछि मेरो श्रीमान्को गाडिमा दुर्घटना भएर काम गर्न नसक्ने हुनुभयो । घरको सम्पुर्ण जिम्मेवारीहरु मेरो काँधमा आइपऱ्यो ।

२०७१ सालमा जनशक्ति टोल आमा समूहको सुरुको अवस्थादेखि म निरन्तर रुपमा समूहमा जुट्दै आएकी छु । परिवारमा आर्थिक अवस्था साह्रै गाह्रो भएकोले आमा समूहको बचतबाट ऋण स्वरुप केहि रकम दिई सानो किराना पसल खोले र परिवार चलाउन सहज भयो । अहिले धेरै राम्रो भएको छ । आफ्नो आधारभूत आवश्यकता परिपुर्तिको लागि सक्षम भएकोमा म मात्र होइन समूहका लगभग सबै साथीहरु परनिर्भर हुन नपरेकोमा दङ्ग छन् । ऋण खोज्नका लागि समाजमा साहु महाजनकोमा गुहार्नु नपरेको र चर्को व्याजमा ऋण लिन नपरेको उनी बताउँछिन् । ऋण समयमै तिऱ्यो भनेर आमा समूहले हौसलाको लागि प्रमाण पत्र पनि दिइएको छ । जुनसुकै कामलाई निरन्तरता दिन सके अवश्य सफल भइन्छ र विरोध गरेर भन्दा विकास गरेर जित्न सकिने भन्ने पाठ मैले आफ्नो अनुभवबाट सिकेको छु । अब समूहमा निरन्तर आबद्ध भई अरु सदस्यहरुलाई प्रेरणा, हौसला र सहयोग दिइरहनेछु । आमा समूहमा आवद्ध भएको कारणले मेरो दुखमा म एक्लो हुनु परेको छैन ।

# अध्याय : सात

# सारांश र निष्कर्ष

## ७.१ सारांश

महिलाहरुको सशक्तिकरणमा वर्तमानमा आमा समूहको पनि महत्वपूर्ण भूमिका रहेको पाइन्छ । २०७१ सालमा केही प्रमुख महिलाहरु र पुरुषहरुको सहयोगमा यो समूहको स्थापना भएको हो । छोटो समयमै यो समूहले महिलाहरुलाई सशक्त गराउन सफल भएको छ । यो अध्ययनका समस्याहरु निम्न रहेका छन् उनीहरुका महिला सशक्तीकरणमा कस्तो प्रभाव पारेको छ ? सामाजिक आर्थिक अवस्था कस्तो छ ? कस्ता कस्ता कामहरु गरेका छन् । महिलाहरुको गतिविधिले समाजमा कस्तो परिवर्तन ल्याएको छ । निम्न समस्याहरुको निराकरण गर्नका लागि यो अध्ययनमा निम्न उदेश्यहरु रहेका छन् ।

- आमा समूहका गतिविधिहरुको बारेमा पत्ता लगाउने ।
- आमा समूहका सामुदायिक परिवर्तनको अवस्था बारे पत्ता लगाउने ।

कुनै पनि विषयवस्तुको खोज अनुसन्धान गर्दा केही न केही महत्व अवश्य रहेका हुन्छन् । यो अध्ययनका महत्व सरकारी वा गैरसरकारी संस्थाहरु सामाजिक कार्यकर्ताहरुलाई भविष्यमा यस्तै विषयमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई सहयोग पुऱ्याउने छ । अध्ययन अनुसन्धान गर्ने क्रममा सीमा भित्र रहेर गर्नु पर्ने हुन्छ । सीमा भन्दा बाहिर गएर अनुसन्धान अर्थयुक्त नहुन सक्दछ त्यसैले यो अध्ययनमा पनि केही सिमाहरु रहेका छन् जुन निम्न छन् ।

- कास्की जिल्लाको जनशक्ति टोल पो.म.पा. वडा नं. १५ नयाँगाउँ स्थित जनशक्ति टोल आमा समूहमा आबद्ध रहेको छ ।
- आमा समूहका गतिविधिहरुको बारेमा जानकारी लिने ।

आबद्ध भएकासमूहमा आबद्ध महिलाहरुबाट छलफल एवम् अन्तर्वाता लिई तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक ढाँचा प्रयोग गरिएको छ । प्राथमिक र द्वितीय दुवै खालका तथ्याङ्कहरु उपयोग गरिएको छ । यस अध्ययनमा आवश्यक अनुसार गुणात्मक र संख्यात्मक दुवै किसिमका तथ्याङ्कहरु लिइएको छ ।

**अध्ययनका मुख्य प्राप्तिहरुः**

- अध्ययनमा ४१ देखि ५० वर्षसम्मको उत्तरदाता बढी रहेको पाइयो ।
- जातको आधारमा हेर्दा सबै भन्दा जनजाती ४५.१७ प्रतिशत अन्य जातिको तुलनामा क्षेत्री महिलाहरु कम अर्थात् ६.४६ प्रतिशत भएको पाइयो ।
- धर्मको आधारमा हेर्दा ७५.०८ प्रतिशत हिन्दु धर्म मान्ने बढी पाइयो ।
- समूहमा आबद्ध उत्तरदाताहरुको पेशाको परिवेशलाई हेर्दा उत्तरदाताहरु सबैभन्दा बढी ४८.३९ गृहिणी, नोकरी, व्यापार, ज्यालामजदुरको तुलनामा अन्य पेशा गर्ने खेतीपाती रहेको पाइयो ।
- संस्थामा बचत गर्ने सबैभन्दा बढी उत्तरदाताहरु ७०.९७ प्रतिशत श्रीमान्सँग भर परेको पाइयो ।
- कुल उत्तरदाता मध्ये मासिक खर्च स्थितिलाई हेर्दा १० देखि २५ हजारसम्म खर्च गर्ने सबै भन्दा बढी ४८.३९ प्रतिशत रहेको पाइयो भने ३६ देखि ४५ हजारसम्म खर्च गर्ने सबैभन्दा कम ११.२९ प्रतिशत रहेको पाइयो ।
- समूहको प्रमुख आम्दानीको स्रोत नियमित बचत रहेको पाइयो । चन्दा संकलन र साँस्कृतिक कार्यक्रमबाट पनि रुपैया संकलन गरेको पाइयो ।
- शैक्षिक स्थितिको आधारमा हेर्दा पनि सबै भन्दा बढी भन्दा कम +२ वा भन्दा माथि ४०.३२ र सबै भन्दा कम १२.९३ प्रतिशत निरक्षर रहेको पाइयो ।
- परिवारको संरचनाको अवस्था हेर्दा संयुक्त परिवारमा २२ प्रतिशत एकल परिवारमा ४० प्रतिशत रहेको पाइयो ।
- समूहका नियमित बैठक सहभागिता हुने उत्तरदाताहरु बढी अर्थात् ६४.५२ प्रतिशत र सहभागी नहुने उत्तरदाताहरु कम अर्थात् ३५.४८ प्रतिशत भएको पाइयो ।
- समूहको नीति निर्माण सुझाव दिने उत्तरदाताहरु बढी अर्थात् ७५.८० प्रतिशत पाइयो ।
- हिंसा तथा सामाजिक अन्याय विरुद्धको सक्रिय आवाज उठाउँछु भन्नेमा ३२.२६ प्रतिशत, वास्ता गर्दिंन भन्नेमा ११.२९ प्रतिशत उत्तरदाताहरु भन्दा सामान्य आवाज उठाउँछु भन्नेमा ५६.४५ प्रतिशत धेरै उत्तरदाता रहेको पाइयो ।

- उत्तरदाताहरु आमा समूहमा आवद्ध हुनुको कारण स्वेच्छाले भन्नेमा सबैभन्दा बढी ४८.३९ प्रतिशत रहेको पाइयो भन्ने साथीहरु सहभागी भएको देखेर, परिवारका सदस्यले भनेको भन्दा अन्य कारण समूहमा रहनुको कारण बताउने १२.८९ प्रतिशत सबैभन्दा कम रहेको पाइयो ।
- घरायसी काममा परिवारका अन्य सदस्यले महिलालाई सहयोग गरेको सबैभन्दा बढी ९३ प्रतिशत पाइयो र सहयोग नगरेकोमा ७ प्रतिशत पाइयो ।
- समूहको गठन गर्न पुरुषले हौसला दिएको भन्ने उत्तरदाताहरु सत् प्रतिशत रहेको पाइयो ।
- प्रौढ शिक्षाको सञ्चालन पछि महिलाहरुमा चेतनाको विकास भएको पाइयो ।
- समाज र परिवारले महिलालाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन आएको पाइयो ।
- समूहको गठन पछि महिलाहरुको सशक्तीकरणको लागि भएको परिवर्तन हेर्दा विकास निर्माणमा महिला सहभागिता भन्नेमा सबैभन्दा बढी ८०.६५ प्रतिशत रहेको पाइयो भने संलग्नता नभएको भन्नेमा सबैभन्दा कम १९.३५ प्रतिशत रहेको पाइयो ।

## ७.२ निष्कर्ष

समाजको विकासको लागि महिला पुरुष दुवैको महत्वपूर्ण भूमिका खेलेको हुन्छ । महिला र पुरुष एकै सिक्काका दुई पाटा हुन् । समाजको आर्थिक विकासको सामाजिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ भने सामाजिक विकासमा आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यी दुवै पक्षको अन्तरक्रियाद्धारा समाजको विकास हुन्छ । सामाजिक, साँस्कृतिक विकास क्रियाकलापबाट व्यवहार अनुसार समाजको सामाजिक र आर्थिक विकासको गति लिएको हुन्छ । आर्थिक समाजशास्त्रमा उत्पादन प्रक्रियालाई समाजशास्त्रीय ढंगबाट व्याख्या गर्नुपर्दा समाजशास्त्रीय चलहरुले आर्थिक क्रियाकलापमा प्रभाव पार्दछ किनभने समाजको हरेका चरणमा वा ऐतिहासिक विकास आर्थिकक पक्षमा आधारित हुन्छ । हरेक समाज समूह व्यवस्थापनमा सशक्तीकरणले प्रभाव पार्दछ । कुनै पनि विकास निर्माण मानव समाजमा आर्थिक क्रियाकलाप भएको परिवर्तनले सामाजिक परिवेशमा परिवर्तन ल्याउँछ । त्यसैले उत्पादन प्रणालीको विकाससँगै समाजको विकास हुन्छ । महिलाहरु

परम्परागत मूल्य मान्यतामा पितृसत्तात्मक परिवेशका कारण आफूहरु कमजोर मान्ने र राज्य तथा विभिन्न संघ संस्था दिएका सेवा सुविधाबाट पछाडि पर्नु, पुरुषप्रति निर्भर रहनु, घरपरिवारबाट नपाउनु जस्ता कारणले गर्दा सक्रिय रुपमा उपलब्ध सेवाहरुको प्रयोग गर्न सकिरहेका छैनन् जसबाट सरकार, राज्य तथा विभिन्न गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरुले सो सुविधाहरुबाट महिलाहरुलाई परिचित गराई लक्षित समूह बनाई उनीहरुलाई सेवा तथा सुविधा दिन सकेको खण्डमा महिला सशक्तीकरणमा वृद्धि हुन्छ । समाजको विकासको लागि महिला पुरुष दुवैको महत्वपूर्ण भूमिका रहन्छ । महिला र पुरुषको सहकार्य भएमा विकास सम्भव हुन्छ । महिला र पुरुषको सहकार्य भएमा महिला सशक्तीकरणमा वृद्धि हुन्छ ।

# सन्दर्भ सामाग्री


अर्याल, भोजेन्द्र (२०६४), *लैङ्गिक अध्ययन,* काठमाण्डौं : नेश्नल बुक सेन्टर ।

आर्चाय, बलराम (२०५९), *लैङ्गिक समानताको लागी विश्व सम्मेलन,* समाजशास्त्र र मानवशास्त्र विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाण्डौ र समाजशास्त्र केन्दिय विभाग, किर्तिपुर ।

चौलागाई, तिलकप्रसाद, पोखरेल, नानीराज र सापकोटा, केशवराज (२०६०), *लैङ्गिक अध्ययन,* काठमाण्डौ : न्यू हिरा बक्स इन्टरपाइजेज ।

ढकाल, आर के (२०६३), *सामुदायिक विकासमा सतौ आमा समूह स्याङ्गजाको एक अध्ययन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रि.वि. ।

नेपाल अनलाइन खबर (२०७६), सफल नारी, अब्बल नेतृत्व, नेपाल समय, फाल्गुण २६ ।

नेपाल गुरुङ्ग (तमु महिला संघ) (२०६७), नेपाल गुरुङ्ग महिला संघ, काठमाण्डौं, नेपाल, गुगल सर्च ।

पौडेल, दिलिप (२०७५), *सहकारीमा महिला "बचतले बनायो बलियो",* काठमाण्डौं, नेपाल पत्रिका, २१ बैशाख २०७५, अंक २ ।

बस्याल, रीमा (२०७२), *एम. ए. दोस्रो वर्ष, समाज बिकासमा आमा समूहको क्रियाकलाप, स्याङ्गजा जिल्लाको मालुङ्गा गा.वि.स. वडा नं. ३, नारीरत्न आमा समूहको अध्ययन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रि.वि. ।

बास्तोला, राधादेवी (२०६९), *फूलबारी आमा समूहमा आवद्ध महिलाको घरेलु हिंसाको अवस्था र धारणा,* अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रि.वि. ।

बन, सिमा, (२०७६), *विश्वमा महिला हिंसा र दुर्व्यवहार,* कृषि विकास बैंक बुटवल शाखाकी प्रबन्धक, फाल्गुण २५, मा प्रकाशित, नेपाल अनलाइन खबर ।

भासिन, कमला (२०००), *अन्डरस्ट्यान्डिङ्ग जेन्डर,* नयाँ दिल्ली : काली पर वोमन ।

राष्टिय योजना आयोग, नेपाल (२०५५), *नवौ राष्ट्रिया योजना (२०५४-२०५९),* नेपाल सरकार ।

लामिछाने, बिन्दु (२०६२), *सामुदायिक खानेपानी व्यवस्थापनमा महिला सहभागिता घारीपाटन पोखराको अध्ययन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रि.वि. ।

श्रेष्ठ, अस्मिता (२०६६), *"महिला कानुन व्यवसायीहरुको सामाजिक अवस्था" कास्की जिल्लाको एक समाजशास्त्रीय अध्ययन ।* अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रि.वि. ।

श्रेष्ठ, इन्दिरा र हाछेथू, कृष्ण (२०५९), महिला जागरण केन्द्र, *स्त्री महिला शासन व्यवस्था र प्रजातान्त्रिक प्रक्रिया राज्यको परिकल्पना,* नेपाल ।

श्रेष्ठ, विहारीकृष्ण (२०७५), नेपालमा आमा समूहको भुमिका, फाल्गुण १, मा प्रकाशित, नारी पत्रिका ।

Sharma, B. (2004). *Incorpotating roles and needs of woman in water energy management in rural area of the himalayas experience and carrions from pilot project in Bhutan*, India and Nepal King Mahendra Trust.

# अनुसूची – एक

## अन्तरवार्ता अनुसूची

सामुदायिक विकासमा आमा समूहको भुमिका

जनशक्ति टोल आमा समूह पोखरा म.न.पा, कास्कीको समाजशास्त्रीय अध्ययन ।

**अनुसन्धानकर्ता : रेविका के.सी., पृथ्वीनारायण क्याम्पस, पोखरा ।**

उत्तरदाताको नाम :

शिक्षा : उमेर :

लिङ्ग : धर्म :

वैवाहिक स्थिति : परिवारको सदस्य सङख्या :

उत्तरदाताको पारिवारिक विवरण :

| क्रं.सं. | नाम थर | उमेर | लिङ्ग | वैवाहिक स्थिति | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

१. तपाईको आमा समूहको नाम के हो ?

...........................................................................

२. तपाईको आमा समूहको स्थापना कहिले भएको हो ?

...........................................................................

३. उक्त समूहमा कति सदस्यहरु छन् ?

.......................................................

४. उक्त समूहमा तपाई सदस्य या पदाधिकारी के हुनुहुन्छ ?

क) सदस्य    ख) पदाधिकारी

५. आमा समूहमा आवद्ध हुनुको कारण के थियो होला ?

................................................................

६. यो समूहमा कस्को प्रेरणाले लाग्नु भएको हो ?

क) स्वेच्छाले    ग) साथीद्धारा

घ) पारिवारिक सदस्यले    ङ) अन्य

७. के सबै महिलाहरु आमा समूहका क्रियाकलापमा सक्रिय सहभागी भएका छन् ?

क) छ    ख) छैनन्

८. यो समूहमा तपाई स्थापना कालदेखि नै हुनुहुन्छ ?

............................................................................................

९. आमा समूहको नियमित बैठक कति कति समयमा हुने गरेको छ ?

....................................................................

१०. आमा समूहको नियमित बैठकमा सहभागी हुनुहुन्छ ?

क) हुन्छ    ख) हुन्न

११. तपाइको आमा समूहको मुख्य उद्धेश्य के-के छन् ?

..................................................................................................................

१२. तपाइको आमा समूहमा मासिक बचत संकलन गर्ने चलन छ कि छैन ?

..............................................................................

१३. यदि छ भने कति बचत गर्ने गर्नु भएको छ ?

..........................................................

१४. तपाईको आमा समूहको बैक खाता खोल्नु भएको छ कि छैन ?

क) छ ख) छैन

१५. यदि छ भने भने कुन बैकमा खाता खोल्नु भएको छ ?

............................................................................................................

१६. आमा समूहले समूहका सदस्यहरुलाई ऋण दिने गरेको छ कि छैन ?

क) छ ख) छैन

१७. तपाइको आमा समूहबाट ऋण लिनु भएको छ कि छैन ?

क) छ ख) छैन

१८. यदि लिनु भएको छ भने के का लागि लिनु भएको छ ?

..............................................................................................

........................................................................................

१९. आमा समूहले कोष बृद्धि गर्नको लागि कस्तो कस्तो कार्यक्रमहरु गर्ने गरेको छ ?

...............................................................................................................................

................................................................................................................

.........................................................................................................

२०. यदि गर्ने गरेको छ भने तपाई त्यस कार्यक्रममा सहभागी हुने गर्नु भएको छ कि छैन ?

..........................................................................

२१. छैन भने किन छैन ?

..............................................................................

२२. महिलाहरुलाई संगठित गरी आमा समूह स्थापना गर्न कसले प्रेरित गरेका थिए ?

.............................................................

२३. यदि थिए भने कसरी ?

.........................................................................................................

२४. यस समूहको कुन कुन कार्यक्रमहरुमा तपाई सहभागी हुनुभएको छ ?

...................................................................................

.........................................................................................

.........................................................................................

२५. यदि सहभागी हुनुभएको छ भने तपाईलाई के फाइदा पुगेको छ ?

................................................................................................

२६. यदि सहभागी हुनुभएको छैन भने किन सहभागी हुनुभएको छैन ?

.................................................................................................

२७. यस समूहमा लागेपछि तपाईलाई के फाइदा भएको छ ?

.................................................................................

........................................................................................

२८.उक्त समूहमा संलग्न भइसके पछि समाजमा आफनो हैसियत कस्तो भएको महसुस गर्नुभएको छ ?

....................................................................................................

२९. समुदायमा के कस्ता सामाजिक समस्याहरु देख्नुभएको छ ?

............................................................................

............................................................................

३०. तपाई आमा समूहमा आवद्ध हन अगाडि र भैसकेपछि परिवार र समाजले हेर्ने दष्टिकोणमा

परिवर्तन भए जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ

ख) लाग्दैन

३१. यदि लाग्छ भने कसरी ?

..................................................................................................

३२. तपाईको आमा समूहमा शिक्षित सदस्यहरु छन् कि छैनन् ?

............................................................

३३. यदि छन भने कति जना छन् ?

................................................

३४.उक्त समूहले सञ्चालन गरेको प्रौढ शिक्षा कार्यक्रममा तपाईको परिवारको अन्य सदस्यले भाग लिएको छ कि छैन ?

क) छ

ख) छैन

३५. यदि छैन भने किन भाग लिएको छैन ?

........................................................................................

३६. यदि भाग लिएको छ भने तपाईलाई के फाइदा पुगेको छ ?

.......................................................................................................

.......................................................................................................

३७.सामाजिक निर्णय गर्ने कुराहरुमा तपाईको भूमिका कस्तो रहन्छ ?

क) सक्रिय सहभागीता ख )मध्यम सहभागीता

ग) निष्कृय सहभागिता

३८. आमा समूहको नितिनियम बनाउने करामा सरसल्लाह र सुझाव दिनुहुन्छ कि हुन्न ?

क) गर्छु ख) गर्दिन

३९. नगर्ने भए किन गर्नुहुन्न ?

.......................................................................................................

४०. भविष्यमा यस आमा समूहले अरु के गरोस भन्ने चाहनुहुन्छ ?

.......................................................................................................

४१. सामाजिक हिंसाविरुद्ध आवाज उठाउँनुभएको छ कि छैन ?

क) उठाउछ ख) सामान्य ग) उठाउदिन

४२. तपााईको परिवार कस्तो परिवार हो ?

क) एकल ख) सयुंक्त

४३. तपाईको परिवारको मुख्य पेशा के छ ?

क) कृषि ख) जागिर

ग) विदेश गएका घ) व्यापार

४४. तपाईको सहायक पेशा के हो

क) खेतीपाती ख) व्यापार

ग) ज्याला मजदुरी घ) अन्य

४५. तपाईको परिवारको मासिक खर्च कति हुन्छ ?

............................................................................................................

४६. छोरीलाई शिक्षा दिनुपर्छ भन्ने कुरामा तपाईको धारणा के छ ?

............................................................................................

४७. घरमा आफनो छोरीलाई पर्याप्त पढ्ने समय दिनुहुन्छ ?

.................................................................................

४८. पत्रपत्रिका पढने, टि.भि. हेर्ने, रेडियो सुन्ने गर्नुहुन्छ ?

.......................................................................

४९. गर्ने भए किन ?

.....................................................................................................

५०.घरायसी कुराहरुको निर्णय प्रक्रियामा तपाईको भूमिका कस्तो रहन्छ ?

क) सक्रिय ख)मध्यम ग) निष्कृय

५१. निष्कृय सहभागि हुने भए किन ?

..............................................................................................................

५२. अन्त्यमा तपाई केही थप भन्न चाहनुहुन्छ ?

................................................................................................................

................................................................................................................

**तपाईको अमूल्य समय र महत्वपूर्ण जानकारीका लागि धन्यवाद ।**

# अनुसूची – दुई

आमा समूहका केही तस्विरहरु



अनुसन्धानको क्रममा लिइएको फोटो



टोलमा सरसफाई गर्दै २०७७



जनशक्ति टोल आमा समूहका पदाधिकारीहरु २०७८



जनशक्ति टोल आमा समूहद्वारा आयोजित निशुल्क स्वास्थ्य शिविरमा स्वास्थ्य परिक्षण गराउँदै



आमा समूहमा छलफल गर्दै

# अनुसूची – तीन

## समूहका कार्यकारी पदाधिकारीहरुको नामावली

आमा समहको नाम :

जनशक्ति टोल आमा समूह नयाँगाँउ, पोखरा - १५ का कार्यकारी पदाधिकारी सदस्यहरु

| क्रं.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | एलिना पराजुली |
| २ | उपाध्यक्ष | ओम कुमारी गुरुङ्ग |
| ३ | सचिव | कमला शाही |
| ४ | सह सचिव | मौसमी शाही |
| ५ | कोषाध्यक्ष | पुष्पा ढकाल |
| ६ | सदस्य | दुर्गा ढकाल |
| ७ | सदस्य | सुनिता सुनार |
| ८ | सदस्य | रेबिका के.सी. |
| ९ | सदस्य | सुभद्रा सुवेदी |
| १० | सदस्य | कोपिला सुनार |
| ११ | सदस्य | विष्णु खाँड |
| १२ | सल्लाहकार | विष्णु पौडेल |

## अनुसूची ग

समुदाय विकास र समुदायिक कृयाकलापमा आमा समहूको भूमिका

जनशक्ति टोल आमा समूह पोखरा म.न.पा, कास्कीको समाजशास्त्रीय अध्ययन ।

### सामूहिक छलफल सूची

१. संस्थाबाट आर्थिक स्तर माथि उठाउनको लागि के गरिरहेको छन् ?

२. यस संस्थामा आबद्ध भएका महिलाहरु आत्मनिर्भर बन्नु भएको छ ?

३. संस्थाबाट महिलाहरुको सामाजिक स्तर उठाउन कस्ता किसिमका प्रयत्न भएका छन् ?

४. तपाईहरुले खास गरी के कामको लागि संस्थाबाट ऋण लिनुहुन्छ ?

५. संस्थाबाट लिएको तालिमहरुबाट तपाईको पेशामा परिवर्तन आएको छ कि छैन ?

६. संस्थामा आबद्ध भए पछि समाजले तपाईहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ कि छैन ?

७. संस्थामा आबद्ध भए पछि तपाईको लागि सबैभन्दा समस्याको विषय के बनेको छ ?

८. संस्थाबाट थप अपेक्षित क्रियाकलापहरु